# परिच्छेद : एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षा देशको आर्थिक विकास एवम् सामाजिक विकासको मेरुदण्ड हो । यसले हरेक क्षेत्रको विकासको अगुवाई गर्ने कुरामा कसैको दुईमत हुन सक्दैन तर विगत केहि समयदेखि यस क्षेत्रमा नीतिगत अन्योल, सरोकारवालाहरुबीच समन्वयको कमी र विधमान ऐन, कानुन र कार्यनीतिहरुको कार्यान्वयनमा कमजोरी देखिएको छ । यसबाट विभिन्न समस्याहरु देखा परेकोले सम्पूर्ण सरोकारबालाहरु खास गरेर अभिभावक र विद्यार्थीहरु ठूलो भारमा परेको छन् (नेपाल, २०६४)।

सामाजिक रुपान्तरण नै शिक्षाको पहुँच र गुणस्तरमा निर्भर गर्दछ । यसैको माध्यमबाट समाजको सचेत, सक्षम र उत्पादनशिल तथा सामाजिक परिर्वतनप्रति सजग नागरिकको कल्पना गरेको हुन्छ । त्यसैले शिक्षालाई सामाजिक तथा आर्थिक विकासको आधारशिला मानिन्छ । आधुनिक समाजले शिक्षालाई सामाजिक उत्थान गर्न, मानवीय मूल्य र मान्यतालाई आत्मासाथ गर्न अन्तराष्ट्रिय भावनाको कदर गर्न, नागरिकको आर्थिक क्षमता अभिबृद्धि गर्न, प्राकृतिक स्रोत तथा सामाजिक परम्परा र सांस्कृतिको संरक्षण तथा सम्बर्द्धन गर्नका साथै राष्ट्रपति प्रेम र श्रमप्रति सम्मान गरी नयाँ-नयाँ ज्ञान, सीप र प्रविधिको विकासमा समायोजन गर्न सक्ने बहुआयामिक योग्य जनशक्ति उत्पादन गर्ने साधनको रुपमा अङ्गिकार गरेको छ (नेपाल सरकार, २०६३) ।

कुनै पनि देशको विकासको लागि शिक्षाको विस्तार अपरिहार्य छ । शिक्षालाई विकासको महत्वपूर्ण पूर्वाधारको रुपमा लिईन्छ । यसकारण विभिन्न देशहरुले शैक्षिक विस्तारलाई प्राथमिकता दिएको पाईन्छ । शैक्षिक विस्तारकालागि र शिक्षामा गुणात्मक सुधार ल्याउनका लागि शिक्षामा गरिने वित्तिय लगानीको उचित व्यवस्थापनले महत्वपूर्ण भूमिका खेल्छ । लगानी भन्नाले विभिन्न स्थानबाट श्रोत जुटाई कुनै लक्ष्य हासिल गर्नको लागि गरिने योजनाबद्ध खर्च बुझिन्छ (थापा, २०५५:१३) यसर्थ शिक्षामा गरिने लगानीको उचित प्रयोग हुनु अत्यावश्वक देखिने आउँछ ।

नेपालमा विद्यालय शिक्षाको विकास प्रक्रियामा समुदायको महत्वपूर्ण भूमिका रहँदै आएको छ । वि.सं. २०२८ पूर्वको स्थितिलाई हेर्दा विद्यालयहरु समुदायद्वारा नै व्यवस्थापन गर्ने गरिएको थियो । रा.शि.प.योजना लागु भईसकेपछि विभिन्न किसिमबाट समुदायलाई विद्यालयको व्यवस्थापनमा सहभागि गराउने प्रयत्न भए तापनि त्यसमा उल्लेख सफलता हासिल भएको महसुस हुन सकेन । यही यर्थाथलाई हृदयमगन गरी हालका दिनहरुमा नेपाल सरकारले अङ्गिकार गरेको विकेन्द्रिकरणको अवधारणा बमोजिम शिक्षा ऐन, २०२८ (सातौं संशोधन २०५९ समेत) मार्फत सामुदायिक विद्यालयको व्यवस्थापन समितिमा अभिभावकहरुमध्येबाट छानिएका प्रतिनिधिहरु रहने प्रावधान राखी समुदायलाई अधिकार सम्पन्न बनाउने व्यवस्था भएको छ । यसै पृष्ठभूमिमा विद्यालयको व्यवस्थापनमा समुदायलाई संलग्न गराउने नीति सरकारले अघि सारेको छ । यसै नितिअनुरुप समुदायद्वारा व्यवस्थापष्न हुने विद्यालयको कार्य निर्देशिका, २०५९ जारी गरी सो अनुरुप आ.ब. २०५९/०६० देखि नै उल्लेख संख्यामा सामुदायिक विद्यालयको व्यवस्थापन समुदायद्वारा गर्नको लागि जिम्मेबार दिने भइ समुदायले लिने कार्य भईरहेको छ । शिक्षा ऐन २०२८ (आठौं संशोधन ले सामुदायिक विद्यालयको व्यवस्थापन समुदायद्वारा गर्न सकिने व्यवस्था गरेको छ । यसबाट अभिभावकको विद्यालय व्यवस्थापन प्रतिको दायित्व कानुनत अझ स्पष्ट भएको छ । दशौं योजना अवधिभरमा करिव ८००० सामुदायिक विद्यालयहरुको व्यवस्थापन समुदायद्वारा नै गर्नको लागि व्यवस्था मिलाउने कार्यक्रम रहेको छ। यसै अनुरुप नेपाल सरकार र विश्व बैंकको संयुक्त सहयोगमा संचालित ३ वर्षे सामुदायिक विद्यालय सहयोग कार्यक्रम आ.ब. २०६०/०६१ बाट सुरु भई २०६३/०६४ मा सम्पन्न भईसकको छ (नेपाल, २०६३) ।

वर्तमान अवस्थामा विकेन्द्रिकरणको धारणा अनुरुप विद्यालयको व्यवस्थापन समुदायद्वारा व्यवस्थापन गर्ने नीति अनूरुप हालसम्म नेपाल अधिराज्यभरी प्राथिमिक, निम्न माध्यमिक र माध्यमिक गरी ५००० भन्दा बढी विद्यालयहरु समुदायद्वारा व्यवस्थापन भैसकेका छन् । त्यसमध्ये उदयपुर जिल्लामा मात्र माध्यमिक विद्यालय ३५, निम्न माध्यमिक विद्यालय १०१ र प्राथमिक विद्यालय २४९ गरी जम्मा ३८५ विद्यालयहरुको व्यवस्थापन समुदायमा गैसकेको छ (शैक्षिक झलक, २०६५) ।

यस सन्दर्भमा शिक्षा ऐनको सातौं संशोधन (२०५९) ले विकेन्द्रिकरणको माध्यमद्वारा अभिभावक एवम् अन्य सरोकारबालाहरुको सशक्त प्रतिनिधित्व रहेको विद्यालय व्यवस्थापन समितिलाई

विद्यालय शिक्षाको अधिकार सम्पन्न इकाई बनाई सकेपछि यस अवधारणलाई कार्यरुपमा ल्याउन सरकारले विभिन्न कार्य ढाँचाहरु अगाडि सार्दै आएको छ । यस सन्दर्भमा विद्यालय सुधार योजनाका आधारमा प्रति विधार्थी लागतको रुपमा शैक्षिक विकास खर्च प्रवाह एक महत्वपूर्ण पक्ष हो भने यसलाई विस्तार गर्दै विद्यार्थी संख्या बृद्धि भएका आधारमा राहत अनुदानको नामबाट थप शिक्षक राख्नको लागि विद्यालयलाई दिएको अनुदान दोस्रो हो । यसै सिलसिलामा आएको अझै सशक्त कार्यक्रम हो  सार्वजनिक विद्यालयको व्यवस्थापन समितिमार्फत विद्यालयको समग्र विकासका कार्यक्रमहरु अघि बढाउने सरकारबाट समुदायको व्यवस्थापनमा जान ईच्छुक विद्यालयहरुलाई रु. १,००,०००।- को प्रोत्साहन अनुदान दिदै अघि बढाउन सुरु गरिएको यस कार्यक्रमबाट प्रति विद्यालय तह रु. १ लाखका प्रोत्साहन अनुदान, पहुँच बृद्धि र गुणस्तर सुधारको कार्ययोजना अघि बढाउन सक्षम विद्यालयहरुलाई विद्यार्थी भर्ना बढाए बापत दक्षता सुधार अनुदान एवम् बृद्धि भएको विद्यार्थी संख्यालाई व्यवस्थापन गर्न दिइने भौतिक सुधार तथा शिक्षक थप गर्नको लागि दिईएको आर्थिक अनुदानले कमजोर शैक्षिक एवं आर्थिक स्थितिमा रहेको विद्यालयहरुको आधुनिकिकरण एवम् प्राज्ञिक सुधारमा महत्वपूर्णफड्को मारेको छ (नेपाल, २०६४)।

यसरी विभिन्न क्षेत्रबाट समुदायलाई विद्यालय व्यवस्थापनको जिम्मेवारी प्रदान गर्ने कार्यक्रम अनुरुप विभिन्न निकायबाट सहयोग प्राप्त भएको छ । यसरी संकलन भएका संकलित स्रोतहरु कुन-कुन निकायबाट के-कति उपलब्ध भएका छन् र त्यसको प्रयोग कहाँ कति भएको छ ? भनि विचार गरिएन भने यसले समस्या निम्त्याउन सक्छ । समुदायमा विद्यालय व्यवस्थापनको हस्तान्तरण मात्रै शैक्षिक गुणस्तर विकासको अचुक औषधी भने होइन । हस्तान्तरण गरिएको विद्यालयमा सक्षम व्यवस्थापन हुन सकेन भने प्रतिकूल परिणाम आउन पनि सक्छ । त्यसैले व्यवस्थापकको सक्षम व्यवस्थापनबाट नै स्रोतहरुको उचित संकलन र ती संकलित स्रोतहरुको समुचित प्रयोग हुन सक्छ जसले गर्दा शिक्षण सिकाई क्रियाकलापमा प्रभावकारिता ल्याउन सक्छ । यसै अनुरुप समुदायद्वारा व्यवस्थापन गरिएका विद्यालयहरुले स्रोतहरु कहाँबाट कसरी के कति प्राप्त गरेको छन र तिनीहरुको प्रयोग कसरी गरेका छन भन्ने उद्देश्य सहित यो शोधपत्र तयार गरिएको हो ।

## १.२ समस्याको कथन

कुनै पनि संघ संगठनको लक्षित उद्देश्यहरुलाई पुरा गर्न आफुसंग भएको र अन्यत्रबाट प्राप्त हुने स्रोत र साधनको उचित व्यवस्थापन गरी उपयोग गर्न जान्नुपर्छ । शिक्षामा गरिने लगानी भनेको एउटा  दीर्घकालिन प्रतिफल प्राप्त हुने लगानी हो । यसर्थ शिक्षामा हुने लगानीलाई उचित व्यवस्थापनद्वारा अधिकतम प्रतिफल प्राप्त हुने गरी उपयोग गर्नुपर्छ । हाम्रो शैक्षिक उपलब्धि कमजोर बन्दै गएको अवस्थामा शैक्षिक उपलब्धिलाई अवलोकन गर्दा संख्यात्मक रुपमा जतिसुकै माथि उठेतापनि त्यसको तुलनामा गुणात्मकतालाई ध्यान दिंदा संतोष मान्ने स्थिति अझै छैन । यस्तो अवस्थामा शैक्षिक लगानीलई व्यवस्थित गरी प्रयोग गर्न नेपाल सरकारले विकेन्द्रिकरणको नीति अनुरुप विद्यालयहरू समुदायमा हस्तान्तरण गर्न थालियो । तर समुदायद्धारा विद्यालय व्यवस्थापन हस्तान्तरण गर्ने सन्दर्भमा विभिन्न मतहरू देखा परेका छन् । कसैको भनाई अब सम्पूर्ण आर्थिक भार समुदायलाई दिएर सरकार शिक्षाको दायित्यबाट चोखिन खोजेको आरोप समेत लगाइएको छ । त्यस्तै कसैको भनाई आर्थिक दायित्व सरकारको नै हो । तर व्यवस्थापन मात्र समुदायको हुनुपर्दछ ।यो व्यवस्थापन हस्तान्तरण गर्ने र हस्तान्तरण नगर्ने विद्यालयहरूका बीच राय फरक परेको र परिवर्तनात्मक सक्रमण काल हाल सम्म रहको एउटा समस्या हो ।

विद्यालय समुदायमा हस्तान्रण गरेर विद्धान वर्गका शिक्षकहरूमाथि अशिक्षित, अल्पशिक्षित समूहले जनमतको आट देखाउदै अनावश्यक शासक बन्ने र विद्यालयलाई हाक्न बरू बाधनै दिन्छ भन्ने तर्क लिएर विरोधमा विभिन्न शिक्षक समूहले समेत लागेको एकतिर पाइन्छ भने अर्कोतिर आर्थिक स्रोतको अभाव भइरहेको अबस्थामा आ-आफ्नो योजना अनुसार सरकारी अनुदान दिन्छ र त्यसलाई राम्रोसँग स्थानीय तहदमा उपायोग गर्न सकिन्छ भनी समूदायमा हस्तान्रण गर्नुपर्छ भन्ने पक्षका शिक्षक समूहहरू देखा पर्दै आएको छ । समुदायद्धारा व्यवस्थापन गरी सकेका विद्यालयहरूमा पनि खासै परिवर्तन भएको छैन भन्नेहरू हिजो आज दुवै पक्ष समेत भेटिएका छन् । योजना एकातिर सरकारी अनुदान एकातिर फेरी कार्यान्वयन सन्तोषजनक नभएको अर्कोतिर भइ आर्थिक व्यवस्थापनमा तड्कारो समस्याहरू देखा परीरहेको देखिन्छ ।

**१.३ अध्ययनको औचित्य**

शिक्षा ऐन, २०२८ बमोजिम गठित वि.व्य.स.ले आफ्नो विद्यालयको सञ्चालन व्यवस्थापन आफै गर्ने जिम्मेबारी लिएपछि विद्यालयको आवधिक एवम् वार्षिक योजना बनाई आवश्यक स्रोत जुटाउने र कार्यान्वयन गर्ने, विषयगत उपसमितिहरु गठन गर्ने विद्यालयको शैक्षिक, आर्थिक तथा मानवीय जनशक्ति व्यवस्थापनका लागि विनियम बनाई लागू गर्ने अधिकार समेत पाएका समुदायमा हस्तान्तरित आर्थिक, भौतिक जनशक्ति आदि व्यवस्थापन आफैले गरेर तुलनात्मक रूपमा बढी आत्मनिर्भर भएको छकी वा सरकारी अनुदान अझ बढेको छकी यात ति दुवै नभई अलपत्र छ भन्ने विषयमा अध्ययन हुनु जरूरी नै छ ।

यसै अनुरूप उदयपुर जिल्लामा समुदायद्धारा व्यवस्थापन गरिएका माध्यमिक विद्यालयहरूको अनुदानको स्थिति, स्रोत संकलनको स्थिति र यसको उचित प्रयोगको बारेमा अधययन अनुसन्धान भइ नसकेको कारणले यो अध्ययन औचित्यपूर्ण हुने विश्वास गर्न सकिन्छ । अत्तः यस अनुसन्धानबाट प्राप्त हुने निष्कर्ष अन्य विद्यालयहरू सम्बन्धित जि.सि.का., क्षे.शि.नि., शिक्षा विभाग तथा अन्य शैक्षिक निकाय तथा शैक्षिक क्रियाकलापमा चासो दिने सबैका लागि उपयोगी हुने विश्वास लिन सकिन्छ ।

यस अनुसन्धानबाट प्राप्त हुने निष्कर्ष अन्य विद्यालय, सम्बन्धित जि.शि.का., क्षे.शि.नि., शिक्षा विभाग र अन्य शैक्षिक निकाय तथा शैक्षिक क्रियाकलापमा चासो लिने सबैका लागि उपयोगी हुने विश्वास लिन सकिन्छ ।

**१.४ अध्ययनको उद्देश्यहरु :**

यस अध्ययनको उद्देश्यहरु निम्नानुसार निर्धारण गरिएको छन. :-

क. समुदायद्वारा व्यवस्थित विद्यालयको स्रोत संकलनको स्थिति पत्ता लगाउने ।

ख. विद्यालयको स्रोत उपयोगको लेखाजोखा गर्ने ।

ग. समुदायद्वारा व्यवस्थित विद्यालयको स्रोत व्यवस्थापनमा देखापरेका समस्याहरु पहिचान गर्ने ।

घ. स्रोत व्यवस्थापनमा देखापरेका समस्याहरुको समाधानका उपायहरू सुझाउने ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

माथिका उद्देश्यहरु पुरा गर्नको लागि निम्न लिखित अनुसन्धान प्रश्नहरुको उत्तर खोज्ने प्रयास गरिएको छ ।

१. समुदायद्वारा व्यवस्थापन भएको विद्यालयहरूले नयाँ आर्थिक स्रोत पहिचान गरेको छ ?

२. यस्ता विद्यालयहरुको शिक्षक विद्यार्थीहरूलाई निकै लाभ पुग्ने गरी आर्थिक व्यवस्थापन भएको छ ?

३. आर्थिक स्रोत र उपयोगमा देखा परेका समस्याहरू के के हुन?

४. आर्थिक व्यवस्थापनका समस्याहरू समाधान कसरी गर्न सकिन्छ ?

## १.६ अध्ययनको परिसिमा

सीमित स्रोत र समयको कारण उदयपुर जिल्लाको भलायडाँडा स्रोतकेन्द्र, जसमध्ये समुदायद्धारा व्यवस्थापन भएका माध्यमिक विद्यालयहरू र ति विद्यालयको आर्थिक व्यवस्थापनमा मात्र सीमित गरिएको छ ।

## १.७ परिभाषा र व्याख्या

औषत आयः- नमूनामा परेका विद्यालयहरूको गणना गरिएको वर्षहरूमा प्राप्त औषत आय अथवा सबै विद्यालयहरूको आयलाई विद्यालय संख्याले भाग गरी प्राप्त औषत विद्यालय आयहरू योगलाई फेरी अध्ययन वर्षले भाग गर्दा आउने संख्या ।

औषत खर्चः- नमूनामा परेका विद्यालयहरूको गणना गरिएको वर्षहरूमा प्राप्त औषत खर्च अथवा सबै विद्यालयहरूको खर्चलाई विद्यालय संख्याले भाग गरी प्राप्त औषत विद्यालय खर्चहरूको योगलाई फेरी अध्ययन वर्षले भाग गर्दा आउने संख्या ।

स्थानीय स्रोत उपयोग करः- स्थानीय स्रोत जस्तै जंगलबाट काठ, खोलाबाट गिटी बालुवा आदिमा सरकारी कर बाहेक विद्यालयकै लागि लगाइने थप कर ।

समुदायः- अभिभावकहरू, अन्य चन्दा दाता र सामुदायिक बन समेतलाई बुझाउछ ।

सरकारी अनुदानः- जि.शि.का. मार्फत आउने सरकारी अनुदान ।

# परिच्छेद : दुई

## सम्बन्धित साहित्यको पुनरावलोकन र  सैद्धान्तिक खाका

### २.१ सम्बन्धित साहितयको पुनरावलोकन

विकेन्द्रीकरणको अवधारणा अनुरुप नेपाल सरकारले विद्यालयहरु समुदायद्वारा व्यवस्थापन गर्ने नीति अनुरुप प्रकाशमा ल्याईएका विभिन्न ऐन, नियमका साथै कार्यक्रम कार्यान्वयन पुस्तिका तथा शिक्षासँग सम्बन्धित विभिन्न सरोकारबाला व्यक्तिहरुद्वारा प्रकाशित लेख, रचनाहरु समेतलाई अध्ययनका आधार बनाएर तिनैका माध्यमबाट समुदायद्वारा व्यवस्थापन भएका विद्यालयहरुको शैक्षिक स्रोतको व्यवस्थापनको सिद्धान्तलाई विश्लेषण प्रयास गरिएको छ ।

शिक्षा विभागका अनुसार नेपालमा सामुदायिक विद्यालयको स्रोत व्यवस्थापनसम्बन्धि  चर्चा गर्दा नेपाल सरकारले कुल ग्रार्हस्थ उत्पादनको करिब ३.५ प्रतिशत रकम शिक्ष क्षेत्रमा छुट्याईएको पाईन्छ । जसमध्ये लगभग २०% प्रतिशत बजेट रकम माध्यमिक शिक्षामा छुट्याइएको छ । नेपालमा सामुदायिक विद्यालयहरुको बजेट व्यवस्थापनसम्बन्धि चर्चा गर्नुपर्दा मौजुदा शिक्षा नियमावली तथा अन्य प्रचलित कानुनी दस्तावेजमा भएका प्रावधानहरुको अध्ययन गर्नुपर्ने हुन्छ । मौजुदा शिक्षा नियमावली २०५९ (तेस्रो संशोधनसहित) को परिच्छेद ३० तथा नियम १६८ देखि १७५ सम्म विद्यालयको बजेट, आय व्ययको लेखा तथा अन्य व्यवस्था सम्बन्धमा उल्लेख गरिएको छ । जसअनुसार नियम १६८ मा प्रधानाध्यापकले प्रत्येक वर्ष आगामी वर्षको बजेट तयार गरी व्यवस्थापन समितिबाट स्वीकृत गराई त्यसको एकप्रति जिल्ला शिक्षा कार्यालयमा समयमै पठाउनु पर्ने कुरा उल्लेख गरिएको छ । त्यस्तै नियम १७० मा प्रत्येक विद्यालयले विद्यालयको आयव्ययको लेखा अनुसूची २३ बमोजिक राख्नुपर्ने व्यवस्था छ । नियम १७१ मा प्रधानाध्यापकले प्रत्येक वर्ष विद्यालयको आयव्ययको लेखा जिल्ला शिक्षा कार्यालयले तोकिएको लेखा परीक्षकबाट गराउनु पर्ने र जनपरिक्षण पनि यसै नियममा अनुसार गनु पर्ने जस्ता कुराहरु उल्लेख गरिएको छ । नियम १७२ मा लेखापरीक्षकले विद्यालयकोलेखापरीक्षण गरीसके पछि तोकिएवमोजिमका कुराहरु खुलाई प्रतिवेदन विद्यालय व्यवस्थापन समिति तथा जिल्ला शिक्षा कार्यालय तथा क्षेत्रीय शिक्षा निर्देशनालयमा एकएकप्रति पठाउनु पर्ने व्यवस्था गरिएको छ । यसैगरी शिक्षा नियमावलीको परिच्छेद ३१ मा जिल्ला शिक्षा कोषको सञ्चालन र अन्य व्यवस्था तथा परिच्छेद ३२ मा ग्रामिण

शिक्षा विकास कोष सम्बन्धमा व्यवस्था गरिएको छ । मुलुकले अङ्गालेको विकेन्द्रीकरणको सिद्धान्तअनुसार स्थानीय समुदायको आवश्यकताको आधारमा विद्यालय सुधार योजना निर्माणदेखि मूल्यांकनसम्म सरोकारबालाहरुको सहभागिता सुनिश्चित गर्न आवश्यक ठानी नेपाल सरकारले विद्यालय अनुदान कार्यान्वयन निर्देशिका, २०६१ तर्जुमा गरी अधिराज्यभरीका सामुदायिक विद्यालयहरुमा लागु गरेको छ (शर्मा, २०६४) ।

विद्यालय अनुदान कार्यान्वयन निर्देशिका, २०६१ मा विद्यालयको समग्र पक्षको विकासको लागि प्रचालित कानुनको परिधिभित्र रही विद्यालय व्यवस्थापन समितिले आफै प्राथमिकता निर्धारण गरी खर्च गर्न सक्ने गरी विद्यालयलाई दिईने अनुदानलाई एकमुष्ठ अनुदान, शिक्षाको राष्ट्रिय उद्देश्य परिपूर्तिका लागि तोकिएका क्रियाकलापहरुमा नै खर्च गर्ने गरी विद्यालयलाई दिइने अनुदानलाई सर्शत अनुदान, विद्यालयहरुको सक्षमतालाई प्रोत्साहन गर्न उनीहरुको उपलब्धिको आधारमा उपलब्ध गराईने अनुदानलाई जनाउँदछ । विद्यालयमा जाने अनुदान विद्यालय सुधार योजनाको आधारमा जिल्ला शिक्षा कार्यालयबटत निकासा हुन्छ । एकमुष्ठ अनुदान विद्यालय व्यवस्थापन समितिले निर्णय गरी खर्च गर्न सक्ने व्यवस्था गरिएको छ । हाल विद्यालयमा जाने अनुदान निम्न तीन किसिमका छन् :

- निश्चित शीर्षकमा दिईने अनुदान (Earmarked Grant) : निश्चित शीर्षकमा खर्च गर्न तोकिउको रकम ।
- एकमुष्ठ अनुदान (Black Grant) : विद्यालय सुधार योजनाका आधारमा विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार खर्च गर्नसक्ने गरी दिइएको एकमुष्ठ अनुदान ।
- सक्षमतामा आधारित अनुदान (Performance Grant) : विद्यार्थीहरुको उपलब्धिको आधारमा विद्यालयमा दिईने अनुदान यसरी विद्यालयको बजेट व्यवस्था सम्बन्धमा शिक्षा नियमावली तथा अन्य प्रचलित कानुनहरुले विभिन्न व्यवस्था गरी खर्च गर्ने आधारहरु समेत तथ गरेको पाइन्छ (शिक्षा विभाग,२०६१) ।

थापा, (२०६३) का अनुसार नेपाल अधिराज्यको संविधान २०४७ मा राज्यका निदेशन सिद्धान्त तथा उल्लेखित नीतिका आधारमा देशको सन्तुलित विकासको प्रक्रियालाई अघि बढाउन बनेको ऐनमध्ये स्थानीय स्वायत्तशासन ऐन पनि एक हो । शिक्षा विकासमा अधिकाधिक सहभागीता बढाउने नीतिलाई अन्तरिम संविधान २०६३ ले समेटेको छ । वास्तवमा विकेन्द्रित व्यवस्थापनमा जिम्मेबारीको हस्तान्तरण गरेको हुन्छ । यसमा प्रशासनिक एवं कानूनी दायित्वलाई माथिल्लो

तहबाट तल्लो तह वा कार्यान्वयनको तहलाई हस्तान्तरण गरिएको हुन्छ र सम्बन्धित क्षेत्र आफुले पाएको अधिकारलाई निर्वाधढंगले उपयोग गर्न सक्छन् । स्थानीय नागरिक समाजलाई कार्यान्वयनको स्तरमा बन्ने अवसर प्रदान गरिएको हुन्छ । अधिकार, जिम्मेबारी र साझेदारी विकेन्द्रीकरणका आधारमा नै हुन् । यसरी राज्यले केन्द्रिय स्तरमा मात्र सिमित रहेको अधिकारहरु क्रमशः स्थानीय स्तरसम्म पुऱ्याउने नीति अगाडी सार्दै आएको छ । जसले गर्दा स्थानीय स्तरका व्यक्तिहरुको आफ्नो आवश्यकताको पहिचान गरी त्यसै अनुरुपको समाधानको बाटो रोजी आफ्ना अगाडी उभिएका समस्याहरुलाई आफैले समाधान गर्न सक्नेछन् (थापा, २०६३) ।

रविन्स १९८५ का अनुसार "विकेन्द्रीकरण भन्नाले केन्द्रीय स्तरमा मात्र प्रयोग गर्न सकिने अधिकार बाहेक अन्य सबै अधिकार तल्लो स्तरसम्म सुम्पर्ने सु-व्यवस्थित प्रयासलाई जनाउँछ" विकेन्द्रीकरण भन्नाले तलतिर अख्तियारको प्रत्यायोजन के कति मात्रामा गरिएको छ भन्ने जनाउँछ । यसैगरी कुन्टज तथा वाईरिचको (सन् १९९४) शब्दमा संगठित संरचनामा निर्णय गर्ने अधिकार वितरण गर्ने प्रबृत्ति नै विकेन्द्रीकरण हो । यस्तै प्रकार डेलबिच (सन् १९८५) को भनाई अनुसार विकेन्द्रीकरण भनेको निर्णय लिने अधिकार यथासम्भव काम गर्ने तहसम्म पुऱ्याउनु हो । विकेन्द्रीकरणको अर्थ निर्णय लिने अधिकर व्यवस्थित ढंगले समुदायका व्यक्तिहरुलाई सुम्पनु हो। निर्णयको कार्यान्वयनमा समुदायका व्यक्तिलाई प्रत्यक्ष रुपमा संलग्न गराउनु हो । यस रुपमा विद्यालयको व्यवस्थापनलाई बुझ्दा विकेन्द्रिकरण भनेको विद्यालयको सम्बन्धित समुदायसँग प्रत्यक्ष सम्बन्धित व्यक्तिलाई अधिकारहरु निक्षेपण गर्दै जाने प्रकृया हो । (घिमिरे, २०६२ मा उद्धृत) ।

नेपालको शैक्षिक लगानीको इतिहास अनुसार गुरुकुल शिक्षा पद्धतिमा शिक्षार्थी स्वयम्ले शिक्षाको खर्च जुटाउनु पर्दथ्यो । शैक्षिक लगानीको प्रमुख स्रोत घरपरिवार थियो । क्रमशः सिदा , चन्दा, गुठी, सहुलियत, अनुदान आदि परिपाटीहरु क्रमिक रुपमा शैक्षिक लगानीका आधारहरु बन्दै आए, शिक्षा प्रति जनचासो बढ्दै गएपछि देशका विभिन्न ठाउँहरु जनताले आफू र आफ्नै स्थानीय स्रोतबाट खर्च व्यहोर्ने गरी सामुदायिक विद्यालयहरु खोले । पछि वि.सं. १९९६ मा जारी भएको शिक्षा इस्तिहारले विद्यार्थीको पढाई शुल्क तोकिदिनका साथै एउटा निश्चित आधारमा विद्यालयलाई सरकरी सहयोग उपलब्ध गराउने कुरा उल्लेख गऱ्यो । वि.सं. २०५८ साल माघ २५ गते शिक्षा ऐन सातौं संशोधनले सामाजिक लाभको आधारमा शैक्षिक खर्च विश्लेषण गरी

प्राथमिक तह सबैका लागि निःशुल्क र अन्य तहमा तोकिएबमोजिम शुल्क लिने स्पष्ट प्रावधान ल्यायो । यसै पृष्ठभूमिमा विद्यालयको व्यवस्थापनमा समुदायको भूमिका अझैं सुदृढ गर्ने र सो माफर्त शैक्षिक गुणस्तर अभिबृद्धि गर्ने उद्देश्यले सार्वजनिक विद्यालयको व्यवस्थापन समुदायबाट नै गर्ने र त्यसको सम्पूर्ण व्यवस्थापनको जिम्मा समुदायलाई नै दिने नीति सरकारले अगाडी बढायो । यसै नीति अनुरुप आ.ब. २०५९/०६० देखि नै उल्लेख संख्यामा सार्वजनिक विद्यालयलाई समुदायद्वारा व्यवस्थापन गर्ने गरी जिम्मेबारी दिने कार्य भईरहेको छ । दशौं योजनाको जीति तथा कार्य नीतिमा समुदायको सक्रिय सहभागीता जुटाई विद्यालयहरुका भौतिक मानवीय एवं शैक्षिक आधारशिलाहरुलाई सुदृढ गरिनेछ भनिएको छ (शर्मा, २०६३) ।

शिक्षा ऐन, २०२८ बमोजिम गठित वि.व्य.स.ले आफ्नो विद्यालयको सञ्चालन व्यवस्थापन आफै गर्ने जिम्मेबारी लिएपछि विद्यालयको आवधिक एवम् वार्षिक योजना बनाई आवश्यक स्रोत जुटाउने र कार्यान्वयन गर्ने, विषयगत उपसमितिहरु गठन गर्ने विद्यालयको शैक्षिक, आर्थिक तथा मानवीय व्यवस्थापनका लागि विनियम बनाई लागू गर्ने प्रावधानको ब्यवस्था गरिएको छ (निर्देशिका, २०६३) ।

नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालयले तयार पारेको ३ वर्षे अन्तरिम योजना अनुसार विद्यालयको व्यवस्थापन विकेन्द्रीकरणको ढाँचामा गरिनेछ । यसका लागि विद्यालयमा आधारित व्यवस्थापनमा जोड दिइनेछ । जसको जवाफदेहिता स्थानीय निकायप्रति हुनेछ । सुशासन, व्यवस्थापन, स्रोत, परिचालन तथा गुणस्तरको सुनिश्चितताको लागि विद्यालयलाई स्वायत्त तथा जिम्मेबार बनाईनेछ । विद्यालयको सामाजिक लेखा परीक्षण गरी आर्थिक कारोबार तथा विद्यालयको कार्यसम्पादनमा पारदर्शिता सिद्धान्त अपनाईनेछ । गाउँ विकास समिति र नगरपालिका जस्ता स्थानीय निकायहरु आधारभूत शिक्षाको योजना तथा व्यवस्थापनभित्र विद्यालयको समूहीकरण, समन्वय, स्रोत परिचालन, सञ्चालन निर्देशिका तयार गर्न, आफ्नो क्षेत्राधिकारभित्र रही गुणस्तरका लक्ष्य निर्धारण गर्न जिम्मेबार रहनेछन् भनी उल्लेख गरिएको छ। त्यसैगरी सोही योजनाको "विद्यालय लगानी तथा अनुदान प्रणालीमा सुधार" भन्ने रणनीति विद्यमान विद्यालय अनुदान प्रणालीमा आवश्यक सुधार गरिनेछ, खर्च, उपयोग तथा प्रगती प्रतिवेदनसम्बन्धी प्रक्रियामा सुधार गरी शिक्षाको समग्र विकासमा जोड दिईन्छ, लगानीको दृष्टिकोणले राष्ट्रिय साक्षरता कार्यक्रम र आधारभूत शिक्षा सबैका लागि समान रुपमा निःशुल्क

उपलब्ध गराउने, व्यावसायिक शिक्षाको लगानी सक्षमता प्रगति करारका आधारमा संचालन हुने र उच्च शिक्षा लागत आपुरण (Cost recovery) मा आधारित हुने गरी तहगत रुपमा एकमुष्ट अनुदान प्रणाली लागू गरिनेछ भनी उल्लेख गरिएको छ (अन्तरिम योजना, २०६४)

हालै नेपालमा पनि विकेन्द्रीकरणको सिद्धान्त अनुरुप विद्यालयको व्यवस्थापन समुदायद्वारा गर्न स्थानीय तहसम्म अधिकारको प्रत्यायोजन गरिएको छ । समुदायद्वारा व्यवस्थापन हुने विद्यालय संचालन कार्य निर्देशिका २०५९ बमोजिम विद्यालय व्यवस्थापन समितिलाई अधिकार सम्पन्न बनाउने प्रयास भएको छ । वि.व्य.स.लाई शिक्षक नियुक्ति, सरुवा बढूवा गर्ने अधिकारका साथै विद्यालयको हित हुने कार्यहरु गर्न निर्देशिकामा व्यवस्था गरिएको छ । विद्यालयको लागि योजना निर्माण, कार्यान्वयन गर्ने, श्रोत साधन परिचालन गर्ने, शिक्षकहरुलाई नियमित गराउन अवश्यक विनियमहरु बनाउने अधिकार वि.व्य.स. लाई प्रत्यायोजन गरिएको छ । विद्यालयका लागि स्रोत साधन जुटाउने विद्यालयको भौतिक विकास विस्तार एवं मर्मत संभार कार्यमा स्थानीय सहभागीता जुटाउने कार्यमा समुदायलाई सक्रिय गराउन स्थानीय तहमा नै अधिकार प्रत्यायोजन गरिएको छ (निर्देशिका, २०५९) ।

खनाल र आर्चायका अनुसार कुनै पनि शैक्षणिक योजनाले विद्यालयका उद्देश्यहरु हासिल गर्न स्रोतको बाँडफाँड र खर्चको तारतम्य मिलाएको हुन्छ । अर्थशास्त्रको भाषामा पनि उपभोक्ताले कुनै बस्तु उपभोग गर्नको लागि खर्च गर्छ । सो खर्च गरेवापत उसले त्यसबाट सन्तुष्टि प्राप्त गर्दछ । सोही बस्तुको उपभोगबाट प्राप्त हुने सन्तुष्टि नै उपभोक्ताको उद्देश्य हो । त्यसकारण उपभोक्ता सन्तुष्ट नभएसम्म उद्देश्य पुरा भएको मान्न सकिँदैन। त्यस्तै विद्यालयको स्रोत व्यवस्थापनको योजना निर्माण मात्र सबैथोक होइन । योजनाले मूर्तरुप लिन यसको उचित कार्यक्रम र त्यसको प्रभावकारी कार्यान्वयन गरिनुपर्दछ । जसरी योजनाले बजेटसँग लिएर आउँदछ , त्यसैगरी योजना कार्यान्वयनमा प्रशासनिक प्रक्रियाहरु हुन्छन् र त्यसैगरी योजना कार्यान्वयन प्रक्रियासँगै योजना प्रशासन पनि आउँदछ । एउटा परिस्कृत स्रोत व्यवस्थापन योजनामा खर्चको नियन्त्रणलाई प्राथमिकता दिइएको हुन्छ । त्यसैले शैक्षणिक कार्यक्रममा स्रोत साधनको उपयोग वा आम्दानी र खर्चको विचमा सन्तुलन कायम हुनुपर्दछ (खनाल र आचार्य, २०६५) ।

त्यसै गरी सबैका लागि शिक्षा २००४-०९ मुख्य दस्तावेज २०६३ मा सरकार द्वारा प्रदान गरिने एकमुष्ट रकम, जिल्ला, विद्यालय तथा समुदाय द्वारा पहिचान गरिएका आवश्यकता अनुरुप निर्धारित गरि विधिमा लचिलो पाराले बाँडफाँड गर्न सक्नेगरी पारदर्शी मापदण्डमा आधारित गरिएको छ । शिक्षा विभागबाट प्रकाशित अध्यायन प्रतिवेदन २०६४/०६५ मा विद्यालय लगानिको श्रोतहरु निम्न आठ ओटा छन् ।

१. सरकार
२. निजी संस्थाहरु
३. समुदाय
४. स्थानीय प्रशासन
५. व्यक्ति स्वयं
६. अभिभावक
७. गैर सरकरी राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्थाहरु
८. विदेशी लगानी

सोही अध्ययन अनुसार विद्यालयले आफनै निजी श्रोत बृद्धि गर्न, घरभाडा, विद्यार्थी शुल्क आदी समेत परिचालन गरी आफूमाथि आएको बढी उत्तरदायित्व र चुनौतीहरुको कारण समुदायमा हस्तान्तरित व्यवस्थापनको बोध गर्दै मितव्यमी बनाउन बढी सजग हुनेगरेको देखिन्छ । जसबाट विद्यालयको कक्षा कोठा बढ्ने विद्यार्थी संख्या बढने विद्यार्थी सहुलियत एवं प्रोत्साहन (छात्रबृत्ति) परीक्षाको नतिजामा सुधार हुनेपारदर्शिता हुने गरेको पाईएको छ (प्रतिवेदन, २०६६) ।

यसप्रकार समदायद्वारा व्यवस्थापन गरिएका विद्यालयहरु स्रोतको व्यवस्थापनलाई अझ बढी प्रभावकारी बनाई शैक्षिक गुणस्तर बृद्धि गर्नमा शैक्षिक स्रोतको व्यवस्थापनको सिद्धान्तले सकारात्मक भुमिका निर्वाह गर्दछ । यसले स्रोतलाई यसरी व्यवस्थित रुपले प्रयोग गरेर विद्यालयको शिक्षण सिकाई क्रियाकलापमा सुधार ल्याउन सकिन्छ र शैक्षणिक क्रियाकलापलाई प्रभावकारी बनाई लक्ष्य तर्फ उन्मुख गर्न सकिन्छ भन्ने कुराको ज्ञान दिन्छ । साथै विद्यालयका प्रधानाध्यापक, शिक्षक/शिक्षिका, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, अभिभावक र समुदायलाई अ-आफ्नो जिम्मेबारी बहन गर्न र विद्यालयको हरेक क्रियाकलापहरुमा सम्पूर्ण

पक्षलाई जवाफदेहि बनाउँदै लैजान यस सिद्धान्त महत्वपूर्ण मानिन्छ । विद्यालयको हरेक कार्यलाई योजनाबद्ध ढंगबाट सबै पक्षको सहयोग जनआधार खडा गरी संचालन गर्न सकेको खण्डमा अवश्य पनि लक्ष्य प्राप्ति सम्म पुग्न सकिन्छ ।

## २.२ सैद्धान्तिक खाका

शैक्षिक लगानीमा स्थानीय समुदायको सक्रिय सहभागितामा जोडदिइएर स्थानीय स्तरकै सरोकारबालाहरुको चासो जगाउन संलग्नता बढाउन विकेन्द्रित परिवेशमा शैक्षिक स्रोतको व्यवस्थापनको सिद्धान्तलाई आफ्नो सोचको आधार बनाइको छ । शैक्षिक स्ोतको व्यवस्थापन भन्नाले विद्यालयमा उपलब्ध भएका स्रोतहरुलाई प्रभावकारी एवं सफलतापूर्वक परिचालन गराउने प्रक्रिया हो । जसको प्रभावकारी परिचालनबाट नै संस्थाले शैक्षिक उद्देश्य प्राप्त गर्न सक्छ । त्यसैअनुरुप व्यवस्थापन तथा खर्चको अधिकार स्थानीय निकायलाई निरुपण गर्दा मात्र पर्याप्त हुदैन । अतः यो विधि अनुसार विद्यालयको स्वयत्तता हुनुपर्दछ र निर्णय गर्ने अधिकार शिक्षक, अभिभावक तथा समुदायको नेताहरुलाई हुनुपर्दछ ।

Per Dalin, (1998) का अनुसारको विकेन्द्रीकरण सिद्धान्तलाई यस अध्ययनमा सैद्धान्तिक खाकाको रुपम प्रयोग गरिएको छ यसमा विकेन्द्रीकरणको सिद्धान्तलाई यसरी व्यक्त गरिएको छ विकेन्द्रीकरण भन्नले केन्द्रमा एकिकृत भएर रहेको अधिकारलाई तल्लो तह सम्म अधिकारको निरुपण गरिनु हो । जसले गर्दा निति निर्माण गर्ने अधिकार पनि स्थानीय स्तरलाई नै प्राप्त हुन जान्छ । यसरी निति निर्माण गर्ने अधिकार समेत उनीहरुलाई हस्तान्तरण गर्नाले विद्यालयमा स्रोत र साधनको समेत समुचित व्यवस्थापन हुन गई विद्यालयमा शैक्षिक गुणात्मकता आउँछ। कार्यक्रमहरुको विकेन्द्रीकरण भएर पनि आर्थिक अधिकार अर्थात् वित्तिय नियन्त्रण केन्द्रमा राख्ने प्रचलन हुन्छ । जसले गर्दा उपभोक्ताले आफ्नै स्तरबाट योजना बनाउने तथा कार्यान्वयनको लागि स्रोत समेतको व्यवस्थापन गर्ने स्वतन्त्रता पाउँदैन । साथै स्थानीय स्तरमा विभिन्न निकायहरुबीच समन्वय हुँदैन शैक्षिक योजना संचालन गर्नेले कर उठाउन पाउँदैन । कर उठाउने दायित्व अर्को निकायको हुन्छ । त्यसै कारणले गर्दा दक्षिण एसियाको देशहरुमा शैक्षिक विकेन्द्रिकरण अधुरोमात्र रहेको छ । कुनै कुनै देशमा स्थानीय सरकारले केही प्रतिशत निश्चित बजेट शिक्षाको लागि निर्धारण गरेको पनि देखिन्छ । समष्टिमा आर्थिक विकेन्द्रिकरण विना शैक्षिक विकेन्द्रिकरण सम्भव हुदैन (घिमिरे, २०६२) ।

काफ्लेका अनुसार "विकेन्द्रीकरण भन्नाले स्वशासित अधिकारको प्रत्याभूति हो । अधिकारको प्रतिनिधित्व तथा विकेन्द्रीकरण दुई अलग-अलग अवस्था हुन् । अधिकारको प्रतिनिधित्व भनेको माथिल्लो निकायले तल्लो निकायलाई गरेको अधिकारको हस्तान्तरण हो, जबकि विकेन्द्रीकरण निरुपण एउटा कानुनी प्रावधान हो जो माथिल्लो निकाय वा अधिकारीको इच्छामा निर्भर हुँदैन" । एउटा निकाय वा अधिकारीले स्वतन्त्र रुपमा कानुनको दायराभित्र रही निर्णय गर्ने, शैक्षिक योजना निर्माण गरी, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन गर्न पाउँछ । जसले गर्दा तललो देखि माथिल्लो तहको कर्मचारी तन्त्रीय पद्धतिको ढिलासुस्ती तथा अन्य झन्झटहरुबाट स्थानीय निकाय संस्था उन्मुक्त भई योजनाको उच्च उपलब्धिस्तर प्राप्त गर्न सक्षम हुन्छ (काफ्ले,२०६४ मा उद्धृत) ।

सहभागिता मूलक व्यवस्थापनलाई अर्को सैद्धान्तिक खाकाको रूमा राखिएको छ सहभागीमूलक व्यवस्थापनको आधारमा समुदायबाट सिर्जनात्मक विकल्प आउछ "मेरो"बाट "हाम्रा" सोचको विकास हुन्छ (थापा, २०६३) । त्यसैले विद्यालयको भौतिक व्यवस्थापनलाई प्रभावकारी बनाउन विद्यालयका सरोकारवालाहरु प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति समुदायको अभिभावकहरु बीच एक आपसमा मानवीय सम्बन्ध स्थापना हुनु जरुरी छ । सबै पक्षहरुको बीच विद्यालय प्रति सकारात्मक धारणाको विकास गरी विद्यालयले प्राप्त गरेको स्रोतहरुको समुचित रुपमा परिचालन गर्नु पर्ने हुन्छ, जसले गर्दा विद्यालयहरुको अपेच्छित उद्देश्य प्राप्त गर्न सकारात्मक सहयोग प्रदान गरोसब विद्यालयको शैक्षिक गुणस्तर तबमात्र बृद्धि हुन्छ जब अभिभावकहरुको आफ्ना बालबालिकाहरुको पढाई प्रति चासो दिन्छन् शिक्षकहरुले आफ्नो दायित्व निर्वाह गर्छन् प्र.अ. ले विद्यालयको समुचित तवरले रेखदेख गर्दै उचित नेतृत्व प्रदान गर्छन र विद्यालय व्यवस्थापन समितिले प्रभावकारी व्यवस्थापन गर्न सबै पक्षको सहयोग जुटाउन सफल हुन्छन् । विद्यालयको शैक्षिक गुणस्तर बृद्धि गर्न विद्यालयका सरोकारबालाहरुका बीचमा मानवीय सम्बन्धको काम गर्दछ । यसबाट नै विद्यालयको स्रोतहरुको समुचित प्रयोग हुन गई विद्यालयमा शिक्षण सिकाई क्रियाकलापमा सकारात्मक असर पर्न गई बालबालिकाहरुको शैक्षणिक उपलब्धिमा अपेच्छित बृद्धि हुन्छ (थापा, २०६३) ।

त्यसैगरी UNESCO ले वकालत गरेको Site based management सिद्धान्त समेतलाई यँहा राख्ने प्रयास गरिएको छ । कोइरालाका अनुसार समाजको आवश्यकता चाहाना, वातावरणीय

प्रभाव स्रोत साधनको उपलब्धता, स्थानीय सहयोग र सम्बन्ध संलग्नतालाई विशेष ध्यान दिइन्छ यसबाट एउटा विद्यालय र अर्को विद्यालय व्यवस्थापन, संचालन स्थान विशेषमा भर पर्दछ (कोइराला, २०६३) ।

२.३ **शैक्षिक उपादेयता** :

उल्लेखित सन्दर्भहरुको अध्ययन र नेपालमा शुरु भएको शैक्षिक व्यवस्थापनमा विकेन्द्रीत प्रयासको प्रारम्भको परिवेशमा यहि शैक्षिक स्रोतको व्यवस्थापनको सैद्धान्तिक अवधारणा भित्र अध्ययनको विश्लेषणको लागि उपादेयता बनाएको छ ।
विद्यालयहरु समुदायमा हस्तान्तरण गरी गरिने व्यवस्थापन उपाध्याय (२०६२) ले भने झै स्थानीय तहलाई निक्षपित काम कर्तव्य र अधिकार एवं जिम्मेबार निर्वाह गर्न सक्ने शक्ती प्रदान गरी वित्तिय विकेन्द्रीकरण समेतलाई पक्षपोषण गर्दै राजस्व आर्जन गर्ने स्वयत्तता, पर्याप्त खर्चगर्ने स्वयत्तता र ऋण लिने अधिकार जस्ता आर्थिक सारभूत तत्वहरु प्राप्त भएको माध्यमिक विद्यालयहरुमा तोकिए अनुसारको कार्यसम्पादन एवं कार्य सञ्चालन आर्थिक बाँडफाँड, व्यवस्थापन गरी विद्यालय सुधार पारदर्शिता विद्यार्थी कल्याणमा बृद्धि कक्षा कोठा व्यवस्थापनमा सुधार हुनु जरुरी सूचक भनिनु पर्ने हुन्छ ।

उल्लेखित बैचारिक खाकामा बर्तमान सन्दर्भमा विकेन्द्रिकरणको निति अनुरुप समुदायलाई विद्यालयको व्यवस्थापनको जिम्मेबारी हस्तान्तरण गरिसकेपछि केन्द्रिय सरकार र स्थानीय सरकार दुबैको संयुक्त सहभागीतामा विद्यालयको शैक्षिक स्रोतको व्यवस्थापन समुचित तवरले गरी विद्यालयलाई लक्ष्य उन्मुख गतिमा अगाडी बढाउन सकिने अवधारणा राखिएको छ।

# परिच्छेद : तीन

## अध्ययन विधि

शोधकार्यका लागि तथ्यांक संकलन गर्ने विधि तथा साधनहरु अनुसन्धान गरिने विषयका आधारमा फरक फरक हुन सक्दछ । अनुसन्धानका लागि विधि तथा साधनहरुको छनौट गर्नुभन्दा पहिले अनुसन्धान कार्यले गुणात्मक वा परिमाणात्मक वा दुवै कस्तो पक्षलाई जोड दिईएको छ सो अनुसार विधि तथा साधनहरुको प्रयोग गर्नुपर्दछ । त्यस्तैगरी तथ्यांक प्राथमिक वा द्वितिय कस्तो स्रोतबाट संकलन गर्ने हो त्यसले पनि विधि छनौटमा प्रभाव पार्न सक्दछ । तथ्यांक संकलनका क्रममा अनुसन्धानकर्ताको रुची, क्षमता एवं आर्थिक पक्षले पनि असर गर्दछ । तथ्यांक संकलन तथा विश्लेषणका जटिलता तथा विभिन्न प्रकारका विधिहरुको गुण तथा दोषहरु पनि कस्तो विधिको उपयोग गर्ने भन्ने कुरा निर्धारण गर्न सहयोगी हुन्छन् । तसर्थ शैक्षिक अनुसन्धानमा तथ्यांक संकलन विधि तथा साधनहरुको उपयोग गरिएका विधिहरुबाट आवश्यक सम्पूर्ण तथ्यांक सरल र सहज रुपमा प्राप्त गर्न सकियोस् यस्का साथै प्राप्त तथ्यांकहरु शुद्ध र वास्तिविक हुन सकुन् (मुडवरी २०५९)

### ३.१ अनुसन्धानात्मक ढाँचा

यो गुणात्मक अनुसन्धानामा आधारित छ गुणात्मक अनुसन्धानमा धेरै प्रकारका विधिहरुलाई संयोजन गर्न सकिन्छ । यहि सोच राखेर समुदायद्वारा व्यवस्थापन गरिएको विद्यालयहरुको स्रोत संकलनको उपायहरु पत्ता लगाउन, प्राप्त स्रोतको उपयोगको लेखाजोखा गर्न, संकलित स्रोतको उपयोगबाट प्राप्त उपलब्धिको विश्लेषण गर्न, स्रोतको प्रयोगमा देखापरेका समस्याहरुको पहिचान गर्न र समस्याको निराकरणका उपायहरु पहिल्याउनका लागि प्राप्त तथ्यांकलाई विकेन्द्रित परिवेशमा शैक्षिक स्रोतकोव्यवस्थापनको सैद्धान्तिक अवधारणाको आधारमा विश्लेषण गर्ने गरि अध्ययनको ढाँचा तयार गरिएको छ ।

### ३.२ अनुसन्धान साधनहरु :

नमुनामा परेको मा.वि. हरुमा प्र.अ. र शिक्षकको लागि संरचनात्मक बन्द प्रश्नावली र वि.ब्य.स, PTA अध्यक्ष संरचनात्मक बन्द अन्तरवार्ता सूची र आर्थिक कारोबारको तथ्याङ्क लिनको लागि सर्बेक्षण फारम उपयोग गरिएको छ । यसलाई अनुसूचीहरुमा समेत राखिएका छ ।

### ३.३ तथ्यांकको स्रोत

शोधको लागि प्राथमिक एवं द्वितिय स्रोत दुवै उपयोग गरिएको छ यसलाई अनुसुचीमा समेत राखिएको छ ।

**३.३.१ प्राथमिक स्रोत :**

बन्द संरचित प्रश्नावली र अन्तरवार्ता सूची तयार गरी प्रत्यक्ष भेटघाटबाट प्राप्त रायले को आधारमा प्राथमिक तथ्याङ्क संकलन गरिएको छ ।

**३.३.२ द्वितिय स्रोतः** विद्यालयको जनपरीक्षण प्रतिवेदनबाट प्राप्त आर्थिक विवरणलाई द्वितिय तथ्याङ्कको रूपमा  उपयोग गरिएको छ ।

### ३.४ तथ्यांक संकलन प्रकृया

**३.४.१ जनसंख्या :** शोधमा उदयपुर जिल्लाको भलायडाँडा स्रोत केन्द्र समुदायमा व्यवस्थापन हस्तान्तरण गरिएको ५ माध्यमिक विद्यालयहरु र त्यहाँका शिक्षक वि.व्या.स. शिक्षक अभिभावक संघलाई जनसंख्या मानिएको छ ।

**३.४.२ नमूनाको आकार :** उपयुक्त जनसंख्या मध्ये हस्तान्तरण भएको २ वर्ष पुगेको मा.वि मध्ये ३ उक्त विद्यालयका शिक्षक प्र.अ. अभिभावक विद्यार्थी गरी जम्मा १००० लाई नमूनाको आकार मानिएको छ ।

**३.४.३ नमुना छनौटको आधार :** शिक्षाकार्यालय उदयपुरबाट व्यवस्था हस्तान्तिरित मा.वि. को नामावली लिई त्यसमध्ये २ वर्ष पुगेको वा २०६४ र सो भन्दा अगाडी हस्तान्तरीत स्रोतकेन्द्र मा.वि.हरुको  नामावलि मध्ये उद्देश्यका आधारमा भलायडाँडा गा..वि.स.बाट १ पञ्चावती गा.वि.स. बाट १ डुम्रे गा.वि.स.बाट १ छनौट गरी जम्मा ३ विद्यालय छनौट गरी अध्ययन गरिएको छ ।

**३.४.४ नमुना छनौट विधि :** उपयुक्त जनसंखया मध्ये विद्यार्थीहरू आर्थिक व्यवस्थापन पक्षमा प्रत्यक्ष सरोकार नराख्ने हुदाँ हटाई अनिवार्य प्र.अ. र PTA अध्यक्ष, सुविधाको आधारमा वि.व्या.स.बाट २/२ जना गोलाप्रथाबाट शिक्षक २/२ जना नमूना छनौट गरिएको छ ।

### ३.५ तथ्याङ्क विश्लेषण :

अध्ययनको क्रममा प्राथमिक एवं द्वितीय स्रोतबाट प्राप्त तथ्यांकलाई आवश्यकता अनुसार तालिकिकरण गरिएको छ । त्यस्तैगरी बारग्राफ र पाई चार्ट आदिमा प्रस्तुत गरिएको छ ।

# परिच्छेद : चार

## तथ्याङ्को विश्लेषण र व्याख्या

यस परिच्छेदमा समुदायद्धारा व्यस्थापन गर्न विद्यालय व्यवस्थापन समितिले हस्तान्तरण लिएका उदयपुर जिल्ला भलापडाँडा स्रोतकेन्द्र अन्तर्गतका उ.मा.वि. भलायडाँडा मा.वि. नेपालटार मा.वि. जलकेनीमा अध्यायन गरी प्राप्त तथ्याङ्कहरूलाई परिच्छेद १ अनुसारको उद्देश्यसंग क्रमश मिल्नेगरी ४.१ म आर्थिक स्रोतको स्थिति सरकारी अनुदान स्तरीय निकाय,समुदाय गैसस र विद्यालयको आफ्नै स्रोत गरी ५ भागमा विभाजन गरी विश्लेषण गरिएको छ । त्यस्तैगरी प्रश्नावलीबाट प्राप्त आर्थिक स्रोतको विश्लेषण गरिएको छ । ४.२ मा स्रोत उपयोग सम्बन्धि तथ्याङ्क विश्लेषण गरी खर्चको प्रभावकारीता बारे प्रश्नावलीको तथ्याङ्क समेत व्याख्या गरिएको छ। ४.३ मा हस्तान्तरीत विद्यालयहरूको आर्थिक व्यस्थापनको समस्याहरू औल्याइएको छ । ४.४ मा आर्थिक व्यवस्थापनमा भएका समस्याहरु समाधान गर्ने उपायहरू सुझाउने प्रयास गरिएको छ ।

### ४.१ आर्थिक स्रोत संकलनको स्थिति

विद्यालयलाई प्राप्त हुने स्रोहरू विभिन्न हुन्छन् । यँहा शिक्षा कार्यालय मार्फत प्राप्त हुने तलब, पाठ्यपुस्तक,छात्रवृत्ति, भवन, निर्माण प्रशासनिक खर्च स्टेशनरी खर्च आदीलाई सरकारी अनुदानमा राखिएको छ । त्यस्तै गा.वि.स.र जिल्ला विकास समितिबाट प्राप्त अनुदान स्थानीय विकासमा राखिएको छ । अभिभावकको चन्दा विभिन्न सामुदायिक संस्थाको सहयोगलाइ समुदायमा राखिएको छ । स्थानीय राष्ट्रिय एंव अन्तराष्ट्रि गैर सरकारी संस्थाबाट प्राप्त सहयोग गै.स.स.मा विद्यार्थी शुल्क, जग्गा एवं वैङक खाता,समुदायमा ऋण लगानीबाट प्राप्त व्याज स्थायी सम्पत्ती र आाकष्मिक प्राप्त फुटकर आम्दानीलाई अन्य स्रोत भनी विद्यालयको स्रोत अन्तर्गत राखी तथ्याङ्क लिएको थियो र त्यसैगरी विश्लेषण गरिएको छ ।

#### ४.१.१ द्धितिय श्रोत वा सर्बेक्षणबाट प्राप्त आम्दानीको स्रोतहरू

सर्वेक्षण फारमबाट विद्यालयहरूबाट प्राप्त आय विवरणलाई तल प्रत्येक वर्ष अलगअलग गरी तीन ठाँउमा यसरी प्रस्तुत गरी व्याख्या गरिएको छ ।

## तालिका नं. १

## आ.व. ०६४।०६५ को आम्दानीको स्रोतहरू

| विद्यालयको नाम | सरकारी अनुदान | स्थानीय निकाय | | समुदाय | गै.स.स. | विद्यालय आउने | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | जि.वि.स. | ग.वि.स. | | | शुल्क | स्थायी सम्पती | अन्य | |
| उ.मा.वि. | ३२,२३,३१५ | | २५००० | | | ११४३१२ | | १४५२० | ४५०५९६१ |
| भलायडाँडा | (७३.७५) | | (०.७) | | | २५.३६ | | ०.९ | १०० |
| मा.वि.नेपालटार | ९,८५,४८२ | | ५०,००० | ६०,५०१ | | १८८९३२ | ११९१४४ | ९४३४ | १४१४९३ |
| | (६९.७२) | | (३.५३) | (४.२८) | | १३.१७ | ९.०१ | ०.४ | १०० |
| मा.वि.जल्केनी | १६,८९,३०० | | २,५०,००० | २०,००० | ४६,८०० | २२२०० | | ३५०० | २०४०८०० |
| | (८३.२८ | | (१२.२५) | (०.९८) | | १.८८ | | ०.२१ | १०० |

(जनपरीक्षण प्रतिवेदन, २०६५)

नोटः कोष्ठमा रहेको अंकले प्रतिशत जनाउछ

तालिकाबाट के देखिन्छ भने सरकारी अनुदान उ.मा.वि.भलायडाँडाको ७३.७५ प्रतिशत मा.वि. नेपालटारको ६९.७२ प्रतिशत र मा.वि. जल्केनीको ८३.२८ प्रतिशत रहेको छ । जि.वि.स.बाट कुनै विद्यालयलाई सहयोग भएको देखिदैन भने गा.वि.स.बाट भलायडाँडालाई रू.२५०००।- नेपालटारलाई रू.५००००।- र जल्केनीलाई रू २५०००० प्राप्त भएको देखिन्छ । समुदायबाट नेपालटारलाई कुल आयको ४.२ अर्थात रू ६०,५०१ प्राप्त भएको छ भने जल्केनीलाई २०००० प्राप्त भई ०.९८ प्रतिशत मात्र यसले अगटेको छ । भलायडाँडालाई समुदायको सहयोग देखिदैन । गै.स.स. बाट मात्र जल्केनीलाई रू ४६८०० प्राप्त भएको छ । विद्यालयको आफ्नै स्रोत मा.वि.नेपालटारको मात्र रू ११९१४४ वा ९.०१ प्रतिशत स्थायी सम्पत्तीबाट आय देखिन्छ ।तर अन्य दुवै विद्यायलमा देखिदैन । विद्यार्थी शुल्कबाट भलायडाँडाको कुल आयमा २५.३६ प्रतिशत नेपालटारको १३.१७ प्रतिशत र जल्केनीको १.८८ प्रतिशत योगदान देखिन्छ ।

## तालिका नं. २

## आ.व. ०६६।०६६ को आम्दानीको स्रोतहरू

| विद्यालयको नाम | सरकारी अनुदान | स्थानीय निकाय | | समुदाय | गै.स.स. | विद्यालय आउने | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | जि.वि.स. | ग.वि.स. | | | शुल्क | स्थायी सम्पती | अन्य | |
| उ.मा.वि. | ३११३२१४ | | २५००० | ४०००० | | ११८२७२३ | | ७२२५८ | ४६३३१९२ |
| भलायडाँडा | (६७.१९) | | (०.५) | (०.९) | | २५.५ | | १.७ | १०० |
| मा.वि.नेपालटार | २८,१५९१९ | ४०,००० | ३०,००० | १५०००० | | १५५,८३५ | ९३६७४ | ४६६२ | ३९९००९० |
| | (८५.५९) | (१.२२) | (०.९२) | (४.६) | | ४.७३ | २.८ | ०.०२ | १०० |
| मा.वि.जल्केनी | १८,४३,२७० | | २,२७,७५० | ८,००० | ४६,८०० | २४,०९५ | ७५०० | | २१५७४१५ |
| | (८५.४४) | | (१०.५६) | (१०.५६) | (२.१७) | १.१२ | ०.३७ | | १०० |

नोटः कोष्ठमा रहेको अंकले प्रतिशत जनाउछ ।  (जनपरीक्षण प्रतिवेदन-२०६६)

तलिकाबाट कुल विद्यालय आम्दानीको भलायडाँडालाई ६७.१९ प्रतिशत नेपालटारलाई ८५.५९ प्रतिशत र जल्केनीलाई ८५.४४ प्रतिशत सरकारी अनुदान प्राप्त भएको छ । जि.वि.स. ले नेपालटारलाई ४०,००० सहयोग गरेको देखिन्छ भने अन्य दुवैलाई प्राप्त भएको छैन । गा.वि.स.बाट भलायडाँडा लाई अघिल्लै वर्ष बमोजिम रू २५,००० प्राप्त भएको छ । नेपालटारलाई अघिल्लो वर्षभन्दा बढी ३०००० मात्र प्राप्त भएको छ भने जल्केनीले पनि अघिल्लो वर्षको भन्दा कम २,२७७५० मात्र प्राप्त भएको देखिन्छ । समुदायको सहयोग भलायोडाँडालाई अघिल्लो वर्षमा प्राप्त भएको थिएन भने यसवर्ष रू ४०,००० सहयोग भएको देखिन्छ । नेपालटारले यसवर्ष अघिल्लो वर्षको भन्दा तेब्बर बढी रू १५०००० समुदायको सहयोग पायो भने जल्केनीको यो घटेर ८००० मात्र प्राप्त भयो । विद्यालयको आफ्नै स्रोत विद्यार्थी शुल्कबाट वर्षकै हाराहारीमा २५.५ प्रतिशत भलापडाँडा को आम्दानी देखिन्छ । जल्केनीको भने वास्तविक अंक बढेपनि प्रतिशत दर भने घटीनै छ । आफ्नै स्रोतबाट भलापडाँडा यस वर्ष पनि नील देखिन्छ तर नेपालटारको गतवर्षको भन्दा कमै भएपनि २.८ प्रतिशत योगदान पुगेको छ र जल्केनीको व्याज अन्दाजी यसवर्षपहिलोपटक रू ७५००।- प्राप्त भएको देखिन्छ । माथिको विश्लेषणबाट के देखिन्छ भने विद्यालयको आफ्नै स्रोतमा सम्पत्ती आय बढाउदै गए भने र शुल्क समेत गणना गर्दा विद्यालय वित्तिय व्यवस्थामा महत्वपुर्ण आर्थिक स्रोत सावित हुन्छ । तर सरकारी लगानी भने घटाउनु हुदैन । तर्थापी विद्यालयले आयको अन्य स्रोत भने पत्ता लगाएको पाइदैन ।

## तालिका नं. ३

## आ.व. ०६६।०६७ को आम्दानीको स्रोतहरू

| विद्यालयको नाम | सरकारी अनुदान | स्थानीय निकाय | | समुदाय | गै.स.स. | विद्यालय आउने | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | जि.वि.स. | ग.वि.स. | | | शुल्क | स्थायी सम्पती | अन्य | |
| उ.मा.वि. | ३४२९३१९ | | २५००० | ५००,००० | | १३४३२२६ | ५५५०४ | १४५२० | ५३६७७४६९ |
| भलापडाँडा | (७३.२०) | | (०.५) | (९.३४) | | १५.३९ | १.२ | ०.३३ | १०० |
| मा.वि.नेपालटार | २३,९१,८११ | | १००,००० | १०२१ | | १७१९१६ | ७७८०० | | २७४२५४८ |
| | (८७.२१) | | (३.६५) | (०.०४) | | ६.२७ | २.८४ | | १०० |
| मा.वि.जल्केनी | १८७५४०० | | २,५०,००० | ५००० | ४६,८०० | २८६७५ | १०१०० | | २२१५९७५ |
| | (८४.६३) | | (११.२८) | (०.२३) | (२.११) | १.२९ | ०.५६ | | १०० |

नोटः कोष्ठमा रहेको अंकले प्रतिशत जनाउछ । (जनपरीक्षण प्रतिवेदन २०६७)

तालिकामा सरकारी अनुदान नै विद्यालय आएको प्रमूख स्रोत देखिन्छ ७४.२०प्रतिशत ८७.२१,८४.६३ प्रतिशत क्रमशः भलापडाँडा, नेपालटार र जल्केनीको वार्षिक आयको सरकारी अनुदानको हिस्सा हो । जी.वि.स.बाट कुनै पनि विद्यालयले प्राप्त गरेको छैन । गा.वि.स.बाट भलायडाडाँले पूरानो बराबर रू २५००० पाएको छ । नेपालटारले गतवर्षको तुलनामा तेब्बरभन्दा बढी १००००० रकम पाएको छ भने जल्केनीले पनि २५०००० पाएको छ। समुदायको सहयोग यस वर्ष ५०००००० लाख पाएको छ जो गतवर्ष नील थियो । नेपालटारको समुदायको सहयोग घटेर १०२१ मात्र छ भने जल्केनीको पनि घटेर ५००० मात्र भएको छ । यसबाट के बुझिन्छ भने समुदायले लगातार समान रकम अनुदान दिन सक्दैन ।

गै.स.स.ले मा.वि. भलायडाँडा र नेपालटारलाई यस वर्ष पनि सहयोग गरेको छैन पुरानो बराबर रू ४६८०० जल्केनीलाई गै.स.स.को सहयोग छ । विद्यार्थी शुल्क भलायडाँडाको बढेकोनै छ र पनि प्रतिशतमा कम देखिन्छ । नेपालटारका गतवर्षको तुलनामा रू करीब १६००० बढेको देखिन्छ। जल्केनीको पनि ४००० बढी शुल्क देखिन्छ स्थायी सम्पत्ती पुजी बढेर होला भलायडाँडाको यसवर्ष नै पहिलोपटक ५५,५०४ आय छ भने नेपालटारको गतवर्षभन्दा करीब १५००० आय घटेको छ जल्केनीको भने केही बढेको देखिन्छ ।

तीनओटै तालिकामा भएको प्रतिशतलाई औषतमा लिएर आम्दानीको स्रोतलाई यसरी तालिकामा देखाइएको छ ।

**तालिका नं. ४**

**औषत आय स्रोत विवरण प्रतिशतमा**


| सरकारी अनुदान | स्थानीय निकाय | | समुदाय | गै.स.स. | विद्यालय आउने | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | जि.वि.स. | ग.वि.स. | | | शुल्क | स्थायी सम्पती | अन्य | |
| ७९.८९ | ०.०४१ | ४.६ | ९.० | ०.७३ | १०.२९ | १.७० | ०.४० | १२.३९ |

विश्लेषणबाट

तालिकाबाट यो स्पष्ट हुन्छ की ७९.८९ प्रतिशत सरकारी अनुदान ४.६ प्रतिशत स्थानीय निकाय १.८९ समुदाय ०.७५ गैर सरकारी संस्था र ०.२९ शुल्क बाट आम्दानी रहेको छ । स्थानिय सम्पत्ति बढाउदै गए निजि आम्दानी समेत बढ्दछ भन्ने सहज निष्कर्ष निस्कन्छ । यसरी आफनै स्रोतबाट १२.३९ प्रतिशत वार्षिक आय हुने गरेको देखिन्छ तर अन्य आयस्रोत बढाउन विद्यालय व्यवस्थापनको कम्जोरी हो यो अनविज्ञता मै रुमलिएर हो गैरसरकारी संस्था सग समन्वय गरेको देखिदैन भने स्थानिय प्राकृतिक स्रोत उपयोग करबाट आय बढाउने पहल नै नभएको भएको पाइन्छ । तालिका नं. ४ लाई पाइर्चाटमा (वृतचित्र) समेत देखाई विश्लेषण गर्न सकिन्छ ।

## चित्र नं. १

## औषत आय स्रोत




चित्रबाट सबैभन्दा ठूलो हिस्सा सरकारी अनुदानले ओगटेको छ। त्यसपछि विद्यालयको आन्तरिक स्रोतले दोस्रो ठुलो भाग लिएको छ भने सबैभन्दा कम गै.स.स. ले लिएको छ। यस बाट गै.स. हरु वाट विद्यालयमा प्रत्यक्ष लगानी गर्ने वातावरण तयार गर्न विद्यालयहरु प्रयत्नशिल हुन थालिनु पर्दछ।

### ४.१.२ प्रश्नावलीबाट प्राप्त आयस्रोत सम्बन्धी विवरण

प्रश्न नं. १ मा सोधिएको थियो हस्तान्तरण पछि सरकारी अनुदान कस्तो छ ? यसका उत्तरहरू यसरी प्राप्त भयो।

**तालिका नं.५**

**हस्तान्तरण पछि सरकारी अनुदान**

| व्यक्ति | बढेको | घटेको छ | उस्तै हो |
|---|---|---|---|
| प्र.अ. | १ | - | २ |
| शिक्षक | २ | - | ४ |
| वि.व्या.स. | | | ६ |
| PTA अ. | | | ३ |
| जम्मा | ३ | - | १५ |

प्रश्नको उत्तरमा १ प्र.अ. र २ शिक्षकलाई सरकारी अनुदान बढेको भन्ने लाग्दछ । उहाँहरू भन्नुहुन्छ भवन निर्माण र राहत शिक्षक दरबन्दी बढेको हुनाले अनुदान समेत बढेको हो । सरकारी अनुदान घटेको भन्ने १ जना पनि भेटिएन सरकारी अनुदान नहुने भए शिक्षक तलब कस्ले खुवाउने आधापेट खाएर पढाउने शिक्षकबाट गुणस्तरीय शिक्षाको नारा कल्पना गर्नु मूर्खता बाहेक केही हुदैन २ प्र.अ. र ४ शिक्षक एवं सबै वि.व्य.स. र अध्यक्षलाई समेत अनुदान घटेको बढेको जस्तो लाग्दैन । वास्तवमा अनुदान घटाएर समुदायलाई हस्तान्तरण गरे निजीकरण गर्नु वेश, किन सामुदायीकीकरण गर्नुपर्यो ।

दोस्रो प्रश्न थियो समुदायले भौतिक निर्माणको कुनै एक क्षेत्रमा सधै लगानी व्यहोर्ने गरेको छ ? यसमा सबै १८ जनाले समुदायले व्यहोर्ने गरेको छैन भन्ने उत्तर दिएको छ ।

वास्तवमा समुदाय एवं अभिभावकहरू कुनै पनि संस्थालाई एकपटक भन्दा बढी सहयोग गर्न चाहदैन । यसको कारण दरिद्रता हो भने अर्को करको रूपमा सधै सहयोग गर्न इन्कार्छिन् यो कुरा तालिका नं. १,२ र ३  बाट समेत प्रष्ट भएको छ । केही व्यक्तिले कुनै संस्था सधै काखी च्यापेर प्रत्यक्ष प्रतिफल समेत पाउदैन । कहिलेकाही स्वेच्छिक चन्दा दिन समेत प्रतिफलमा बार्गेलिङ गर्ने मानवीय सर्वसत्य गुण हो । त्यसैले विद्यालयलाई सधै खर्च व्यहोर्न कोही सक्दैन ।

प्रश्न नं.३,४ मा विद्यालयको सेवाक्षेत्र भित्रको प्राकृतिक स्रोत पहिचान र उक्त स्रोत प्रयोग गरेवापत विद्यालयलाई कर स्वरूप स्थानीय तहमै निश्चित रकम उठाउने बारे १८ जनाले अनविज्ञता व्यक्त गरेको पाइयो ।

वास्तवमा सरकारले स्थानीयतालाई विकेन्द्रिकरण नै प्राथमिकता दिएको हो भने स्थानीय प्राकृतिक स्रोतको निश्चित प्रतिशत कर विद्यालयलाई दिने कानुनी प्रावधान बनाउनुपर्दछ । व्यवस्थापन हस्तान्तरण गर्ने स्वीकृत दिनु पूर्व कुनैपनि विद्यालयले पहिचान गरेको प्राकृतिक सम्पदा र उपयोग सम्बन्धि योजना माग्नु अपरीहार्य हुन्छ । साथै विद्यालयसँग विभिन्न निकायहरूको कार्याक्रम समेत सँगसँगै जाने व्यवस्था मिलाउनु पर्दछ । नत्र मोहोलालगाएर छाडा छोडेको गोरूले पेट भर्न सक्दैन भने झै आय आर्जनको उपाय र अधिकार नभएको संस्थालाई स्वेत्तता दिन भन्ने कुरै अनौठो साबित हुन्छ ।

प्रश्न नं. ५ मा गै.स.स.सँग प्रत्यक्ष संझौताबाट विद्यालय विकास भएको छ भनि सोधिएको थियो । त्यसको उत्तर १ जना प्र.अ.को मात्र छ भन्ने प्रतिक्रिया आयो अन्य सबैबाट छैन भन्ने पाइयो ।

यसबाट के बुझिन्छ भने व्यवस्थापन हस्तान्तरण पछि पनि व्यवस्थापन समितहरूमा कुनै नँया सोच पलाएको छैन । व्यवस्थापन हस्तान्तरणको प्रमूख उद्देश्यभ भनेको वा स्वेतत्ता भनेको नै विद्यालय आफैले आवधिक योजना बनाउने उक्त योजनालाई विभिन्न दातृ निकायसँग सर्म्पक राखी योजना माग गर्ने, संझौता गर्ने, कार्यन्वायन गर्नु स्वतन्त्रता हो । शिक्षा कार्यालयको अनुदानबाट मात्र विद्यालय विकास हुन सक्दैन । अन्य स्रोतहरूको पहिचान गर्ने, कार्यरूप दिने, कार्य संसोधन गर्ने आदि स्वयत्तता विद्यालयलाई हुनुपर्दछ । यस बारे प्र.अ. वि.व्या.स.आदि अनभिज्ञ भएर शिक्षकहरूको हाजिर जाँच्ने र उनीहरूको कडा निगरानी गर्ने मात्र वि.व्य.स.को भुमिकामा  स्वयत्तता दिएको होइन भन्ने कुरा सम्पूर्ण व्यवस्थापन हस्तान्तरीत वि.व्या.स. र प्र.अ. एवं अभिभावकहरूले बुझ्न नितान्त जरुरी हुनेछ ।

छैटौ प्रश्न थियो शुल्क व्यवस्था कस्तो छ? सबैको एउटै उत्तर पाइयो त्यो हो १-५ निशुल्क र ६-१० शुल्क यसबाट समेत के अनुमान गरिन्छ भने सरकारी घोषणा १-५ निःशुल्क मात्र प्रयोगमा छ । विद्यार्थीहरूको सर्वाङगिण विकास गर्न कुनै एक शिर्षकमा शुल्क लिएर उनीहरूकै हितमा उपयोग गर्ने हो भने किन शुल्क नलिने ? संस्थागत विद्यालयहरूमा शुल्क तिर्नु परेको कारणले विद्यार्थी नियमित जाने र समयभरी बस्ने गर्दछ । किनकी लागतको प्रतिफल उनीहरू तुस्तै लिन चाहान्छन् । के निःशुल्क सामुदायिक विद्यालयहरूमा विद्यार्थी उपस्थितदर बढी र कक्षा बाहिरीने दर कम छन् ?

आफ्नो लगानी नभएको क्षेत्रबाट प्रतिफल त्यति आशा नगर्ने सर्वसत्य मानवीय गुण नै हो । त्यसैले न्यूनतम शुल्कको व्यवस्था गर्नु कानुनी व्यवस्था समेत गरिनु पर्दछ । विद्यालयहरूले शुल्क लिने र उनीहरूकै प्रत्यक्ष हित हुने जस्तै, खाजा, स्टेशनरी आदीमा उपयोग गर्ने साहस गर्नुपर्दछ भन्ने मेरो मत छ । शुल्क लिनुभनेको अभिभावकहरू विद्यालय र बालबालिकाप्रति उतरदायित्व बढाउनु हो । सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर खस्कदै गएको मुख्य कारण व्यवस्थापन कम्जोर भएर मात्र हैन कमजोर शिक्षक गएर मात्र हैन निःशुल्कीकरणले नै हो ।

सातौ प्रश्न थिया विद्यालयको Sip अनुसार शिक्षा कार्यालय मार्फत सरकारी अनुदान आउछ ? जवाफमा सबै जनाले पाउदैन भन्ने उत्तर दिएका थिए । हुनुपनि हो हरेक विद्यालयलाई Sip बनाउन शिक्षा कार्यालयले निर्देशन दिन्छ । तीनवर्षसम्मको Sip एकवर्ष नपुग्दै विद्यालयमा हराउछ । विद्यालयको योजनाले शिक्षा कार्यलयको कहिले पढ्ने ? योजना चाहि फर्निचरले पूर्ण बनाउने पहिलो प्राथमिकताको बारेमा बनाउदछ । पुस्तकालय सहयोग भनेर १०,००० सरकारी अनुदान पठाउदछ । शिक्षक दरबन्दी ३ वर्षभित्र कुनै तहमा पुरा गर्ने योजना विद्यालयले बनाउछ स्रोत विद्यालय अनुदान भनि ४०,०००।- सरकारले पठाउदछ । यो तरीकाको योजना Sip किन बनाउन लगाउने? आफैले अनुदानको क्राइटेरीया सरकारले बनाउछ अर्को तर्फ Sip विद्यालयको हुन्छ । वित्तिय व्वस्थापनको यो समस्या हरेक विद्यालयले भोग्नु परेको छ । यसको जवाफ कस्ले देला र कहिले देखि विद्यालयकै योजना अनुसार वित्तिय व्यवस्थापन होला ।

माथिको अध्यायन र विश्लेषणबाट के बुझिन्छ भने विकेन्द्रिकरण सिद्धान्त अनुसारको सरकारी नीति भएतापनि आर्थिक स्रोत जम्मा गर्ने योजना बनाइ योजना अनुरुपको कार्यन्वयन र मूल्याङ्कन गरिने अवसर, सीप र क्षमता विद्यालयहरूमा छैन। केन्द्रिकरण प्रक्रिया व्यक्त रहेको अबस्थामा सामुदायले व्यवस्थापन लिएको विद्यालयहरूमा विकेन्द्रिकरण पछिको आफनो कर्तव्य र अधिकार वारे ज्ञानको खडेरी नै छ । यस्ता विद्यालयहरूले नँया आर्थिक स्रोत पहिचान समेत गर्न सकेको छैन भन्न सकिन्छ ।

## ४.२ स्रोत उपयोगको लेखाजोखा

विद्यालय सेवामूलक संस्था हो । यँहा बचत भन्दा पनि घाटा बढी हुनेनै गर्दछ । तरपनि समुदायमा हस्तान्तरीत विद्यायलहरूले कसरी खर्चहरू गर्दै आएको छ यस सम्बन्धि अध्यायबाट प्राप्त तथ्याङ्कलाई प्रस्ट्याउने प्रयास गरिएको छ । पहिलो खण्डमा अवलोकनबाट प्राप्त खर्चहरूको

तथ्याङ्कमा शिक्षकको तलब भत्ता र संचयकोषलाई तलबमा भवन तथा शौचालय फर्निचर निर्माण मर्मतलाई भौतिक सुविधा अन्तर्गत राखिएको छ । पाठ्यपुस्तक, सन्दर्भ सामाग्री, शैक्षिक सामाग्री, पत्रपत्रिका आदिलाई शैक्षिक सुविधामा राखी एकीकरण गरेको छु । परीक्षाको उर्त्तीण आधारमा दिने पुरस्कार र बालिका, जेहन्दार तथा दलित बालबालिका आदि छात्रवृत्तिहरू छात्रवृत्ति तालिका मा राखिएको छ । धरौटी, ऋणलगानी र जग्गा खरीदलाई पुजीविकास महलमा राखिएको छ । भैपरिआउने खर्च, मिनाहा, स्थायी सम्पत्ती मर्मत, व्यवस्थापन खर्च आदि र विद्यालयले नै अन्य भनि लेखिएको खर्चहरूलाई अन्य महलमा रखिएको छ । दास्रो भागमा प्रश्नावलीबाट प्राप्त तथ्यहरूलाई विवेचना र व्याख्या गरिएको छ ।

### ४.२.१ सर्भेक्षणबाट प्राप्त खर्चहरू

तीनवटै विद्यालयको सर्वेक्षण फारमबाट प्राप्त तथ्याङ्क तीन वर्षको अलग अलग राखी व्याख्या गरिएको छ ।

**तालिका नं.६**

**आ.व. ०६४।०६५ को आर्थिक उपयोग विवरण**

| विद्यालय | तलब | भौतिक सुविधा | शैक्षिक सुविधा | छात्रवृत्ति पुरस्कार | अतिरिक्त | | पुजीविकास | ब्तच/ घाटा | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | अतिरिक्त | अन्य | | | |
| उ.मा.वि. भलापडाँडा | २९,२२८७५ (६८.०४) | १०३०१२६ २०.९७ | २३,९८८ ०.५६ | १८३२० ०.४२ | | | ३००००० ६.९८ | २१०६५२ ५.४२ | ४२९५८६१ १०० |
| मा.वि. नेपालटार | ८,४८७२२ ६८.८७ | २९२३५ २.३७ | १३९६११ ११.३३ | ३९६५० ३.२२ | ४००० ०.३२ | ६२७८१ ७.८९ | १००००० ८.११ | ८४२० ०.६९ | १२३२५०९ १०० |
| मा.वि.जल्केनी | ८,४५७६ ४१.४४ | ९०४१७ ४४.४९ | १६,४०० ०.८१ | २८२५० १.३८ | २१७०५ १.०७ | १२०५६८ ५.९१ | १००००० ४.९० | | २०४०८०० |

नोटः कोष्ठमा रहेको अंकले प्रतिशत जनाउछ । जनपरीक्षण, २०६५

तालिकामा कुल आयको ६८.०४ प्रतिशत भलायडाँडाको तलबमा खर्च भएको देखिन्छ त्यस्तै ६८.८७% नेपालटारको ४१.४४% जल्केनीको तलबमा खर्चेको देखिन्छ । भौतिक निर्माण क्रमशः २०.९७, २.३७ र ४४.४० भलायडाँडा नेपालटार र जल्केनीको खर्च देखिन्छ । शैक्षिक सुविधामा भलायडाँडाको रू २३,९८८ नेपालटारको रू १३९,६११ र जल्केनीको १६,४०० खर्च देखाएका छन्।

पुरस्कार छात्रवृत्तिमा भलायडाँडाबाट १८,३२० नेपालटारले ३९,६५० र जल्केनीले २८,२५० खर्च देखाएको छ । अतिरिक्त क्रियाकलापमा भलायडाँडाको खर्च देखिदैन नेपालटारको ४००० मात्र छ भने जल्केनीको रू २१,७०५ । खर्च अनुपात एकदम विविधता हुन आश्चर्य कुरा हो भने पुजी विकासमा भलायडाँडाले ३००००० नेपालटार र जल्केनीले १०००००/१००००० लगानी गरेको देखिन्छ । भलायडाँडामा १ लाखभन्दा बढी रकम फ्रिज भएको छ भने जल्केनीका सन्तुलनमा देखिन्छ । उपयुक्त विवरणहरूबाट खर्चगर्ने शीर्षकहरू पूर्व निर्धारित हुदैन । योजनावद्ध कार्यक्रमहरू  हुने गरेको छैन । समान प्राथमिकता तोकेर वार्षिक योजना वनाइने गरेको छैन भन्ने सहजै अनुमान गर्न सकिन्छ ।

## तालिका नं. ७

## आ.व. ०६५।०६६ को आर्थिक उपयोग विवरण

| विद्यालय | तलब | भौतिक सुविधा | शैक्षिक सुविधा | छात्रवृत्ति पुरस्कार | अतिरिक्त | | पुजीविकास | बतच /घाटा | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | अतिरिक्त | अन्य | | | |
| उ.मा.वि. भलापडाँडा | ३१८०१६४<br>७४.२० | ३९,५३९४<br>६.८९ | ३२५५७४<br>७.६० | २४,६९४<br>०.७ | ५०००<br>१.१२ | ६५०००<br>१.०० | ४०००००<br>९.३३ | ३६९३६९<br>०.२५ | ८२६४१८५<br>१०० |
| मा.वि. नेपालटार | ११,५२९१९<br>३५.०९ | १७,७३९७१<br>५३.९० | ४२९००<br>१.३० | ३९६५०<br>३.२२ | ४५००<br>०.१४ | ३४,५००<br>१.०८ | २०००००<br>६.०८ | १८००००<br>५.६४ | ३१९२०७० |
| मा.वि.जल्केनी | १०५७२००<br>४९.०० | ७१८२४२<br>३३.२९ | ३४,१५०<br>१.५८ | २८२५०<br>१.३८ | २२१००<br>१.०२ | ९७५५८<br>४.५२ | २०००००<br>९.२७ | | २१५७४१५<br>१०० |

नोटः कोष्ठमा रहेको अंकले प्रतिशत जनाउछ ।　　　　जनपरीक्षण-२०६६

तालिकामा तीनवटै विद्यालयको वास्तविक तलब रकम बढी छ तर भौतिक सुविधामा बढी खर्च भएको कारण प्रतिशतमा कम देखिन्छ । तीन वटै विद्यालयमा भवन निर्माण योजना परेको देखिन्छ त्यसैले यस शीर्षकमा बढी प्रतिशत र अन्य शीर्षकमा कम प्रतिशत भएको छ । क्रमैसँग ३९५३९४, १७७३९७१ र ७,१८२४२ भलापडाँडा, नेपालटार र जल्केनीले भवनमा खर्च गरेको छ । शैक्षिक व्यवस्थापन गतवर्ष थोरै खर्च गर्ने भलायडाँडाले पुस्तकालयमा ३२५५७४ खर्च गरेको छ भने गतवर्ष पुस्तकालय स्थापना भएको नेपालटारले यसवर्ष ८७३४८ मात्र खर्च गरेको छ र जल्केनीले विद्यार्थी पाठ्पुस्तकमा मात्र खर्च रू २८,१६५ गरेको देखिन्छ । छात्रवृत्तिमा १ प्रतिशत को घटिवढि रहेर सबैको खर्च भयो भने अतिरिक्त क्रियाकलापमा भलायडाँडाले यस वर्ष ५०००

खर्चेको छ गत वर्ष गरेको थिएन नेपालटारको गतवर्षको हाराहारीमा र जल्केनीको पनि विद्यालयहरूमध्ये सबैभन्दा बढी भएपनि पोहोरको भन्दा ३०० बढी खर्चनु राम्रो पक्ष देखिन्छ। पुजी विकासमा नेपालटार र जल्केनीको २।२ लाख छ भने भलापडाँडाको दोब्बर ४ लाख प्रयोग गरेपनि बचतचाहि ३ लाखभन्दा बढीनै देखिन्छ नेपालटारको पनि ५ प्रतिशत भन्दाबढी रकम फ्रिज गराएको छ तर जल्केनी फेरी सन्तुलनमै देखिन्छ। यसरी हेर्दा बचत रकम हुन सबैले राम्रो मानिएतापनि विकास खर्च रोकिनु राम्रो मानिदैन यो व्यवस्थाकीय असक्षमताको सुचक मान्नु अतियुक्ति मानिदैन होला। हैन भने नगद जिम्मा वा बेरूजु देखिनुपनि असल व्यवस्थापनको विरुद्धमा भएको क्रियाकलाप मात्र देखिन्छ। यसरी वेरूजु वा व्यवस्थापन असक्षमता हुनु स्वेत्तता प्राप्त गरेको संस्थाको नियमित रोग हो। यसलाई निर्मुल तर्फ चाडै लाग्नु पर्दछ।

## तालिका नं. ८

## आ.व. ०६६।०६७ को आर्थिक उपयोग विवरण

| विद्यालय | तलब | भौतिक सुविधा | शैक्षिक सुविधा | छात्रवृत्ति पुरस्कार | अतिरिक्त | | पुँजीविकास | बतच / घाटा | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | अतिरिक्त | अन्य | | | |
| उ.मा.वि. भलापडाँडा | ३४६७२९७<br>६८.१४ | ११,२८६८५<br>२२.१८ | १७५६३६<br>५.८३ | २९,६५५<br>०.५ | ५०००<br>०.१ | ९५०००<br>०.४९ | २,५७,०००<br>५.०५ | २५६७७२<br>५.०५ | ५०८८२७३<br>१०० |
| मा.वि. नेपालटार | १९६१११५<br>६८.५१ | ३५९०००<br>१२.५४ | १६६७८३<br>५.८३ | ५४६५०<br>१.९ | ५०००<br>०.१७ | ४६०००<br>१.७ | २५०,०००<br>८.७३ | २००००<br>०.७ | २८६२५४८<br>१०० |
| मा.वि.जल्केनी | १२१७२८८<br>५२.७३ | ७४७७३९<br>३२.४१ | ३०८३४<br>१.३४ | ३६३५०<br>१.५६ | २४,२८२<br>१.०५ | १००९२२<br>४.३७ | १५०,०००<br>६.५ | ९१४४०<br>४.० | २३०७४१५<br>१०० |

नोटः कोष्ठमा रहेको अंकले प्रतिशत जनाउछ। जनपरीक्षण-२०६७

तालिकामा गतवर्षको तुलनामा तलब रकम बढ्दै गएको देखिन्छ। करीब ३ लाख बढेर भलायडाँडाको तलब रकम ३४,६७२९७ भएको छ नेपालटारको पनि ९ लाख जती बढेर १२१७२८८ हुन गएको छ। यो शिक्षक दरवन्दि वढेको कारणले हो भनी बताउछन्। भौतिक सुविधामा २२.१८ प्रतिशत भलायडाँडाको छ भने नेपालटारको गत भन्दा घटेर १२ प्रतिशत जति छ। त्यसतै जलकेनीको पनि ३२ प्रतिशत भौतिक पक्षमा खर्च भएको यो वर्ष पाइन्छ। शैक्षिक सुविधामा यस वर्ष अन्य दुई विद्यालयको १६ देखि ३० हजारको हाराहारी खर्च देखिन्छ। पुरस्कार छात्रवृत्तिमा क्रमशः २९६५५, ५४६५० र ३६३५० देखिन्छ। यसबाट छात्रवृत्तिमा खासै नबढेको बुझिन आउछ। अतिरिक्त क्रियाकलापमा भलायडाँडा र नेपालटारले गतवर्षझै ५।५ हजार गरे

भने जल्केनीले २४ हजार खर्च गरेर गतवर्षभन्दा २ हजार बढाएको छ । अतिरिक्त क्रियाकलाप विद्यार्थीलाई विद्यालय आउन उत्सुक मात्र गर्दैन सामाजिक एवं शारीरिक तथा बौद्धिक सीपहरूमा बृद्धि हुने हुदाँ २ विद्यालयले खासै चासो नदेखाएकोमा राम्रो व्यवस्थापकीय कला मान्न सकिदैन ।

यसवर्ष पनि भविष्यको आयस्रोत बढाउन तीनवटै विद्यालयले पुजीँ विकासमा ध्यान दिएको सकरात्मक पक्ष भेटियो । भलायडाँडाले २ लाख ५७ हजार नेपालटारले २५० हजार र जल्केनीले १५० हजार पुजी विकास गरेपनि भलाडाँडामा ५ लाखभन्दा बढी नगद मौज्जात गरेको तर बाँकी दुईले १८० हजार र झण्डै १ लाख नेपालटार र जल्केनीले घाटा व्यहोरेको छ ।

यसरी तीन ओटा विद्यालयलाई हेर्दा भवन लगायत भैतिक सुविधा समेत झण्डै पालोपालो जसरी विकास गरेको देखिन्छ ताल्वमा खर्चबढ्नु अस्वभाविक होइन तर तलबसँगै अन्यक्षेत्रको लगानी बढाइरहनुपर्ने हुन्छ । विद्यालयले पूँजीकरण जग्गा खरीद तथा नगद पुजीकरण गर्न सकिन्छ । छात्रवृत्ति तथा विद्यार्थी कलयाण बढाउनुपर्ने देखिन्छ । तर बजेटबचत भएर कसैको निजी जिम्मामा वेरुजु राख्न सर्वाधिक हानिकारक पक्ष मानिन्छ । लगातार बचत देखिनु रकम बेरूजनै हो भन्ने ठोकुवा अनुसन्धानबाट गर्न सकिन्छ ।

उपयुक्त तीनवर्षको खर्च विवरणहरूलाई औषतमा समेत राखेर विश्लेषण गरिएको छ

**तालिका नं. ९**

**औषत आर्थिक उपयोग विवरण प्रतिशतमा**

| तलब | भौतिक सुविधा | शैक्षिक सुविधा | छात्रवृत्ति | अतिरिक्त क्रियाकलाप | अन्य खर्च | पुजीँ विकास | बचत |
|---|---|---|---|---|---|---|---|
| ६०.७८ | २५.४५ | ४.१४ | १.३९ | ०.४५ | ३.०३ | ७.२२ | १.४५ |


तालिकामा तलबमा ६०.७८ प्रतिशत खर्च भएको देखिन्छ यो राष्ट्रिय तथ्याङ्क भन्दा झण्डै २५ प्रतिशतले कमी हुन्छ । यसलाई विकासखर्च तर्फ लगानी बढेको भन्न सकिन्छ । भौतिक सुविधा २५.४५ प्रतिशत रहेको छ । यसलाई भौतिक सुविधामा ४.१४ प्रतिशत मात्र खर्च देखिनु त्यत्तिराम्रो होइन प्रशस्त पत्रपत्रिका सन्दर्भ सामाग्री र पुस्तकालयको राम्रो व्यवस्थापन भएको

असल विद्यालयको गुणभित्र राखि विद्यालय चिनाउने हो भने यसमा खर्च बृद्धि गरिनु पर्दछ । छात्रवृत्ति १.३९ मात्र रहेको छ । यसलाई न्युन खर्च मान्नु पर्दछ ।

अतिरिक्त क्रियाकलापमा ०.४५ मात्र खर्च भएको देखिन्छ विद्यालयले विद्यार्थीको सर्वाङ्गिण विकासमा योगदान गर्न यसबाट सहयोग पुग्दैन । अरिरिक्त क्रियाकलापको क्षेत्र निकै व्यापक छ । प्रत्येक क्षेत्रमा कोही न कोही विद्यार्थी आर्कषित हुन्छ । त्यस्ता विद्यार्थीको इच्छा मार्नु तर्फ उन्मुख भएको विद्यालयले मात्र अतिरिक्त क्रियाकलापमा कम खर्च गर्दछ । हरेक विद्यालयले हरेकवर्ष यसैगरी पुजी विकास गर्दै लैजाने हो भने कालान्तरमा विद्यालयको आफ्नै स्रोत मजबुत हुन जान्छ तर ग्रामिण ऋण लगानी गर्न भरपर्दे सुरक्षा मान्न सकिदैन । सकिदैन । जग्गा खरीद गरी आयमुलक बनाउने योजना तुरून्त बनाउनु पर्ने हुन्छ । बचत १.४५ हुनु विद्यालयको विकासको बाधक हो । यस विषयमा माथिनै मैले लेखि सकेको छु ।यस विश्लेषण तालिकामा सबैभन्दा नराम्रो पक्ष, अन्य खर्च बढी देखिनु हो । यसमा व्यवस्थापकीय खर्च बाहेक भैपरी आउने र थप आकस्मिक खर्चहरू समावेश गरिएको छ यो ३.०३ हुनु भनेको विद्यालयको आर्थिक क्षति हुनु हो । यसलाई सबै विद्यालयहरूले घटाउने गर्नुपर्दछ । माथिको औषत खर्चलाई स्तम्भ चित्रमा यसरी देखाउन सकिन्छ ।

**चित्र नं. २**

**औषत आर्थिक उपयोग विवरण**




## ४.२.२ प्रश्नावलीबाट प्राप्त स्रोत उपयोग सम्बन्धि तथ्याङ्क

प्रश्न नं. ८ मा सोधिएको थियो शिक्षकहरूको तलब स्केलको व्यवस्था कस्तो छ ? यसमा सबैजनाको एउटै मत दरबन्दीमा रहेकालाई सरकारी स्केल बमोजिम र निजी स्रोतमा रहेकालाई थोरै भन्ने जवाफ पाइयो । यसबाट के निष्कर्षमा पुगिन्छ भने निजी स्रोतको शिक्षकहरू व्यवस्थापन समितिबाट पिढित छन् ।तलब बृद्धि माग गरे निष्केर जा भन्ने हुनाले काम गरिरहँदा सामान काम गर्नेले खाएको खान्गी हेरेर थुक निलेर बाँच्नु पर्ने हुन्छ। के स्वयत्तता पाउनुको अर्थ शिक्षकहरूको श्रमको सोषण गर्न पनि स्वयत्ता दिएको हो। के समान काम के असमान ज्याला दिन विश्व श्रम ऐन विपरीत होइन ? व्यवस्थापन समिति र प्र.अ.लाई अधिकारले सम्पन्न बनाउने भन्ने सरकारी नीति छ। त्यहाँ शिक्षक श्रमको अधिकार चाहि हराउँदछ ?

नवौ प्रश्नमा छात्रवृत्तिमा पनि विद्यालयको दायित्व रहेको अनुसन्धानको लागि एउटा प्रश्न थियो। यसको जवाफमा १२ जनाको उत्तर सरकारी अनुदानमात्र छात्रवृत्ति बाडिन्छ भने, ६ जनाबाट विद्यालयले पनि थप गर्दछ भन्ने जवाफ आयो, विद्यालयले घटाएर थोरै दिन्छ भन्नेमा कसैको जवाफ आएन । एउटा विद्यालयले अडाइ प्रतिशत गरीब तथा पिछडिएका वर्गलाई आफ्नो आयबाट छात्रवृत्ति दिनुपर्ने प्रावधान छ । सामुदायिक विद्यालयमा अध्ययन गर्ने बालबालिका

सिमान्त परिवारबाटै आएको देखिन्छ । त्यसमध्ये पनि कमजोर आर्थिक स्थिति भएकाहरूलाई विद्यालयले छात्रवृत्ति दिनु राम्रो हुन्छ तर यँहा भनिएको कुरा के भने सरकारी अनुदान मात्र छात्रवृत्ति बाडिन्छ भन्ने पक्का भयो । विद्यार्थी कल्याणमाखर्च नगर्ने विद्यालयको बजेट कस्को लागि खर्च गर्ने ? विद्यालयनै बालबालिकाको लागि हो । अतः विद्यालयको आफ्नो आयस्रोतबाट निश्चित प्रतिशत छात्रवृत्ति दिनु पर्दछ ।

अर्को प्रश्न पाठ्यपुस्तक वितरण विद्यालय आफ्नो स्रोतबाट पनि खर्च हुन्छ ? यसको सबैजनाबाट सरकारी अनुदानबाट मात्र वितरण गरिन्छ । पाठ्यपुस्तक पुरस्कार तथा प्रोत्साहन स्वरूप माध्यमिक तहको विद्यार्थीहरूलाई पनि पाठ्यमुस्तक दिएमा विद्यालय प्रति विद्यार्थी एवं अभिभावकहरूको समेत आस्था र विश्वास बढ्दछ । जसको प्रतिफल उनीहरू विद्यालयलाई चन्दा दिने, शुल्क बेलैमा बुझाउने आदि कार्यमा संलग्नता वृद्धि हुनेछन् । केही प्रतिशत विद्यालयको आन्तरिक स्रोतबाट विद्यार्थीहरूलाई पाठ्यपुस्तक वितरण गर्नु पनि कर्तव्य हो ।

११ औ प्रश्नमा खर्च र आम्दानी सन्तुलन नहुदाको जिम्वेवारी कसमाथी हुन्छ भन्ने उत्तरमा यसरी जवाफहरू पाइयो ।

**तालिका नं. १०**

**खर्च सन्तुलन नहुदाको जिम्वेवारी**

| व्यक्ति | बचत भए प्र.अ.को जिम्मा घाटा भए शिक्षकको तलब | बचत वा घाटा प्र.अ.जिम्मा | बचत भए खातामा घाटा भए संझौता गरी ऋण लिइन्छ |
|---|---|---|---|
| प्र.अ. | - | १ | २ |
| शिक्षक | ४ | २ | - |
| वि.व्या.स. | २ | ३ | १ |
| अध्यक्ष | १ | २ | - |
| जम्मा | ७ | २ | ३ |

तालिकामा बचत भए प्र.अ.को जिम्मा र घाटा भए शिक्षकको तलबबाट पुर्ति गरिन्छ भन्नेमा ४ जना शिक्षक, २ जना वि.व्या.स. र १ जना अध्यक्ष गरी ७ जनाले उत्तर दिएको छ । यस तथयबाट के बुझिन्छ भने शिक्षकको तलब समेत विद्यालयको अन्य क्षेत्रमा खर्च गरी शिक्षकले

तलब समय मै नपाइरहेको प्रष्ट हुन्छ । अर्कोतर्फ प्र.अ.बाट बढी आर्थिक जिम्वेवारीको नाममा बढी रकम चलाएर शिक्षकले तलब नपाउने गरेको प्रष्ट सङ्केत प्राप्त हुन्छ ।

१ जना प्र.अ. २ जना शिक्षक ३ जना वि.व्या.स. र २ जना अध्यक्ष गरी ८ जनाले आर्थिक कारोबारको प्रमूख नायक प्र.अ.नै हो । कसरी खर्च गर्ने, कँहाबाट आय हुन्छ भन्ने निर्णयको श्रोत प्र.अ. भएको तर्कको आधारमा उहाँहरूले घाटा वा बचतमा प्र.अ. जिम्मेवारी भन्ने उत्तर दिएको छ । यो अत्यन्त नराम्रो पक्ष हो । यस्तो सोचले विद्यालय प्रजातन्त्र प्रबेश गर्दैन ।

२ जना प्र.अ. र १ जना वि.व्या.स.ले घाटा भए संझौता गरी व्यक्ति तथा संसथासँग ऋण लिने र बचतरकम बैङ्कमा राख्ने गरेको भन्ने उत्तर दिएर आफ्नो वचाउ गरेको भए पनि यो सरासर झुटो सावित भएको छ ।

अध्ययन र विश्लेषणबाट के अनुसन्धान गर्न सकिन्छ भने विकेन्द्रिकरण प्रजातान्त्रिक जनसहभागी मूलक निर्णय गर्ने सीप क्षमता र ज्ञानको अभाव रहेको समुदाय हुन्छ भने विद्यालयमा प्रत्यक्ष संलग्न व्यक्तिहरूलाई नियम नीति तथा जिम्वेवारी दायित्व बारे बोध नभएको पाइन्छ । यस्ता समुदायले विकेन्द्रीकृत आत्मनिर्णयको अधिकार सम्पन्न स्वयत्त संस्थालाई चमत्कारी परिवर्तन ल्याउछ भन्नु कोरा कल्पनामात्र हुन्छ । खर्च व्यवस्थामा व्यक्ति भन्दा संस्थालाई ठूलो मानी लक्षीत समूहलाई प्रत्यक्ष लाभ पुग्ने गरी निर्णय गर्ने चलन नलिएसम्म पूर्ण विकेन्द्रिकरण नीति दन्त्यकथा सावित हुन्छ ।

### ४.३ विद्यालयहरूको आर्थिक व्यवस्थापनका समस्याहरु

समस्या जहाँसुकै हुन्छ । समस्या देखि भाग्नु हैन जुध्नु पर्दछ । समस्या कहिल्लै समाप्त हुदैन तर तडकोरो सहस्याहरू न्युन गर्दै लेजानुपर्छ ।  सर्भेक्षण फारमबाट प्राप्त तथ्याङ्कहरू बाट पनि केही समस्याहरू जस्तै स्थानीय निकाय मध्ये जि.वि.स.ले सहयोग नगर्नु, योजना अनुसारको सरकारी अनुदान नआइ सरकारी खर्चको शीर्षक बमोजिम विद्यालयले आकष्मिक योजना बनाउनु, स्थायी स्रोतको पहिचान नहुनु, भैपरी आउने खर्च बढी हुनु आय सम्वन्धी समस्या हुन । आन्तरिक क्रियाकलापमा कम खर्च हुनु,बार्षिक आयलाई उपयोग गर्न नसकी फिज रहनु, खर्च उपयोगको समस्याहरू हुन । त्यसै गरी प्रश्नावलीबाट पनि केही समस्या प्राप्त भएका छन जुन यसप्रकार देखिन्छ ।

प्रश्न नं. २ र ४ मा उत्तरदाता सबैले आ-आफ्नो सेवा क्षेत्रको प्राकृतिक स्रोत वन तथा जमिन भन्ने जवाफ दिएपनि उनीहरू सबैबाट उक्त प्राथमिक स्रोतबाट विद्यालयलाई आम्दानी गर्ने नगरेको जवाफ पाइयो । यसरी विकेन्द्रित स्वयेत्ततामा यस्ता स्रोतहरूको उपयोग गर्ने अधिकार र क्षमता हुनुपर्दछ ।

बाह्रौ प्रश्नमा समुदायमा हस्तान्तरित विद्यालय र हस्तान्तरण नगरिएको बीच भिन्नता छैन भनी १३ जनाले जवाफ दिए । ५ जना थाहा भएन भन्ने थिए तर हस्तान्तरित विद्यालयको विद्यार्थी र शिक्षक तुलनात्मक रूपमा बढी लाभान्वित छन् भन्ने एकजना पनि भएन यो अर्को समस्या हो। भिन्नतानै नदेखिए किन हस्तान्तरण गर्ने? परिवर्तन नभए सरकारी नीति खेर गएन र ? त्यस्तै विद्यालय समुदायमा हस्तान्तरण भएको छ आफ्नो देन बढी चाहिन्छ भन्ने अभिभावक वा वि.व्य.स. छैनन् । हैन त्यस्तै हुन्छन भने के परिवर्तनको आशा गर्ने । शिक्षक र विद्यार्थीलाई कुनै न कुनै तर्फबाट बढी लाभान्वित हुने कार्यक्रम नल्याए किन हस्तान्तरण गर्नेकाम आफ्नो देन हो भनी नाक ठड्याउने।

मैले समस्या कथनमा उल्लेख गरेको थिए केही शिक्षक समुहले अनपढ वि.व्या.स.ले शिक्षित शिक्षक माथि हैकम जमाउने उपाय समुदायद्वारा व्यवस्थापन हो भनेर विरोध गरेको छन भन्ने साच्चै २।३ वर्ष हस्तान्तरित व्यवस्थापन भैसक्यो अझै कित शिक्षक मात्र कित विद्यार्थीलाई मात्र भएपनि प्रत्यक्ष लाभ पुऱ्याएको हुनुपर्थ्यो । व्यास्थापन समितीले बढी अधिकार पाउछ भन्दै थोरै तलव दिइ दिनभर काम लगाउन मात्र शक्ती पाएको हो ।

तेह्रौ प्रश्न थियो आर्थिक व्यवस्थापनको प्रमूख समस्या यसको जवाफ यसरी प्राप्त भयो ।

**तालिका नं. ११**

**आर्थिक व्यास्थापनको प्रमूख समस्या**

| विवरण | आर्थिक स्रोत निश्चित नहुनु | खर्च बाँडफाडमा एकमत नहुनु | नगद जिम्मा रहनु | खर्च भएपछि मात्र आम्दानी देखाइ खर्च क्षेत्र तोक्ने |
|---|---|---|---|---|
| प्र.अ. | ३ | | | १ |
| शिक्षक | १ | | ४ | २ |
| वि.व्य.स. | १ | २ | १ | २ |
| अध्यक्ष | | | १ | |
| जम्मा | ५ | २ | ६ | ५ |

तालिकामा आर्थिक स्रोत निश्चित नहुनु ५ जनाको उत्तर छ । यो उत्तर १३ जनाको लागि ठीक लागेन । खर्चको बाडँफाडँ एक मत नहुने समस्या २ जनालाई लाग्दछ १६ जनालाई लाग्दैन । कसैको जिम्मामा नगद रहने अर्को समस्या छ जनालाई लाग्दछ । खर्चगर्ने अधिकारीले खर्चगरेपछि मात्र खर्च अनुमोदन गराउने पहिले नै खर्चको क्षेत्र नतोक्ने समस्या ५ जनालाई लाग्दछ । जवाफहरूको आधारमा के सहजै अनुमान लगाउन सकिन्छ भने प्रश्नले सबैलाई मर्ममा हान्यो आ-आफ्नो अनुभव र भोगाइ के आधारमा उत्तर रोजेको अनुसन्धनबाट पुष्टि हुन्छ अतः उपयुक्त ४ वटै उत्तरहरू समस्या हुन । खोजहरूलाई एकिकृत गर्दा समुदायमा हस्तान्तरण गरेको विद्यालयहरूको आर्थिक व्यवस्थापनमा निम्न समस्या पाइयो ।

स्थानीय स्थिर अयस्रोतको पहिचान नहुनु । विद्यालयको योजना Sip अनुसार सरकारी अनुदान नपाउनु ।अभिभावकहरूलाई विद्यालय व्यवस्थापन सम्बन्धी ज्ञान, सीप र अधिकार एवं दायित्य बोध नहुनु ।भैपरी आउने खर्च बढी हुनु ।विद्यालय समुदायले जिम्वेवारी लिएको प्रत्यक्ष प्रत्याभुती गराउन नसक्नु । प्रजातान्त्रिक प्रक्रियाको उपयोग नहुनु । खर्च बाँडफाँडमा तानाझिक हुनु । नगद व्यक्तिसँग जिम्मामा रहनु । आम्दानी र खर्च पारदर्शिताको अभाव हनु । निजी स्रोतको शिक्षक कर्मचारीलाई थोरै तलब भत्ता दिइने गरेको छ ।

## ४.४ आर्थिक व्यवस्थापन समस्या समाधानको उपायहरू

समस्याहरू जकडिनु दिनु हुदैन सकभर निर्मूल नत्र न्युन भने अविलम्ब गरीहाल्नु पर्दछ । कतिपय विश्लेषणको क्रम्मा नै समाधान गर्ने उपायहरू उललेख गरिएको द्ध । साथै प्रश्न नं. १४ मा उत्तरदाताहरूबाटै सामाधानको उपाय खोजेको थिए । हेरौं उत्तरहरूः

**तालिका नं. १२**

**आर्थिक समस्या समाधानका उपायहरू**

| नियमको उपयोग गर्नुपर्छ | चेतना र क्षमता विकास तालिम | श्रोतको पहिचान र प्रयोग योजना पास गरी व्यवस्थापन गुणस्तर मूल्याङ्कन पछि हस्तान्तरण | मथिका सबै |
|---|---|---|---|
| - | - | - | १८ |

प्रश्नावली जवाफ

तालिकाबाट के स्पष्ट हुन्छ भने विद्यालय संचालनमा व्यक्तिलाई होइन कामलाई महत्व दिनुपर्छ । सही काम गर्ने गराउने नियम हुनुपर्छ वा भैरहेको नियम अनुसार चल्नुपर्छ यो नै समस्या सधामनकाका । वा हुनुपनि हो । एकजना व्यक्ति निर्णयक हुदैन । खर्च गर्ने र नगद जम्मामा राख्ने आदी सबैमा एक व्यक्तिको मूख हैन नियम हेर्नुपर्छ ।

कतिपय अबस्थामा वि.व्या.स. लाई आफ्नो जिम्बेबारी र अधिकार थाह हुदैन काम गर्ने योजना बनाउने छलफल गर्ने सहमती दिने लिने आदि  समेत क्षमता विकास तालिम दिएमा समस्या समाधान हुन सक्दछ ।

आर्थिक स्रोतलाई बेलैमा पहिचान गर्ने र त्यसलाई उपयोग गर्ने योजना विभिन्न निकायहरूमा पहिलै नै पुऱ्याइ जाँच पास गराइ साथै व्यवस्थापकको व्यावस्थापकीय सीप क्षमता र गुण भएमा मात्र विद्यालय व्यवस्थापन हस्तान्तरण गर्नुपर्दछ ताकी प्रजातान्त्रिक र विकेन्द्रिकरण मूल्य अनुरूप लाभ र जवाफदेयिता समेत बाँडफाँड हुन पुगोस नत्र अजान र अज्ञान एवं लहैलहैमा व्यवस्थापन हस्तान्तरण गर्ने चलनले विद्यालयहरू भलखाल्डोमा पुग्दछ ।

यसका साथै केही थप समाधानको उपायहरू निम्न छन् । नियमित रूपमा वार्षिक बजेट तयार गर्ने । Sip बनाइ दातृ निकायहरू पहिचान गरी योजना माग विद्यालयलेनै गर्ने ।स्थानीय स्रोत साधन जस्तै वन जंगल, नदि विजुली, खानी, जग्गा खरीद, विक्रिकर आदीको उपयोग गरेवापत निश्चितदर सम्बन्धित विद्यालयले सरकारवाट तोक लगाई कर लिन पाउने व्यवस्था गर्ने । विद्यालयको आफ्नै सम्पत्तिलाई विनियम बनाई आयमूलक बनाउने । सबै शिक्षक तथा कर्मचारीलाई न्युनतम सरकारी स्केल वरावर तलब दिने । छात्रवृत्ति तथा पाठ्यपुस्तकमा विद्यालयको आफ्नै स्रोतको खर्च बढाउने । बेरुजु रकम र एकलनिर्णय प्रथा अन्त्य गर्ने ।आयस्रोत बढाउन विद्यालयबाट व्यावसायिक कार्यक्रमहरू जस्तै पशुपालन, फलफुल तथा नगदेवाली खेती व्यापार तथा उद्योग, यातायात आदी संचालन गर्ने । शिक्षक तथा विद्यार्थी कल्याण बृद्धि गर्ने ।विद्यार्थी शुल्क लगाउने ।भैपरी आउने खर्च घटाउने । शैक्षिक सामाग्री  बढाउने । विद्यालयले सर्वाङ्गीण विकासका लागि सहभागीतात्मक रुपमा पारर्दशी योजना तयार गरी मुल्याङकन् गर्ने व्यवस्था समेत गर्ने गरेमा आर्थिक व्यवस्थापनका समस्याहरु धेरै हद सम्म समाधान हुन्छ ।

माथि उल्लेखित समस्या प्रतिनिधिक मात्र हुन । हरेक विद्यालयहरूमा यस्तै समस्या हुदैन र समाधानको उपायहरू समेत हुबहु सबैमा लागु हुदैन । त्यसैले व्यास्थापन समिति, शिक्षक तथा

प्र.अ.को क्षमता, सीप र दक्षता पनि समान हुदैन । भौगोलिक भिन्नता, सामाजिक सांस्कृतिक विविधता चेतनास्तर एवं उत्साहले समेत विद्यालयको आर्थिक व्यवस्थापन प्रभाव पार्ने भएकोले Site based management को सिद्धान्तलाई आधार बनाई सम्पूर्ण जनसमूहहरूको समेत चित्त बुझ्ने र मैले खोजेको यही थियो भन्ने गरी व्यापक जनसहभागितामा वृद्धिगरी विद्यालयले ऋण लिने, ऋण दिने, खर्च घटाउने वा बढाउने, योजना माग्ने, संझौता गरी कार्यान्वयन गर्ने, तथा माथिल्लो निकायको मूख नताकी आफ्नो क्षमता सीप दक्षता उपयोगबाट संस्थागत स्वेत्तताको पूर्ण उपयोग गरी वास्तविक विकेन्द्रिकरणको अनुभुती विद्यालय गरियो भने पक्कै पनि समुदायले व्यवस्थापन गरेको विद्यालय अन्य सरकारी विद्यालयको तुलनामा राम्रो हुने निश्चित छ ।

# परिच्छेद : पाँच

## प्राप्तिहरु, निष्कर्ष र सुझाव

यस परिच्छेदमा परिच्छेद चारको विशलेषण बाट आएका मुख्य मुख्य प्राप्ती ५.१ मा लेखिएको छ। त्यसतै ५.२ मा निष्कर्षहरु र ५.३ मा सुझावहरु उल्लेख गरिएको छ। यि सुझावहरु समुदाय द्धारा व्यवसथित विद्यालयहरुका लाीग आर्थिक व्यवस्थापन कार्यमा महत्वपूर्ण सहयोग पुग्ने विश्वास गर्न सकिन्छ।

### ५.१ प्राप्तिहरु

अध्ययनबाट ७९ प्रतिशत भन्दा माथि सरकारी अनुदान भई हस्तान्तरण पछि यो अनुदान अझ बढेको पाइयो। समुदायले एकपटक भन्दा बढी सहयोग दिन नरूचाउने गै.स.स. र अन्य दातृनिकायहरूसंग विद्यालयले सम्पर्क नगरेको देखिन्छ भने विद्यालयले आयको थप स्रोत पहिचान गरेको देखिदैन खर्च गर्दा शिक्षक विद्यार्थीहरूलाई प्रत्यक्ष लाभ पुग्ने गरी कार्यक्रम बनाइ लागु गरेको देखिदैन भने खर्च प्रणालीमा अपारदर्शी तथा व्यक्तिबाद हाबी देखिन्छ।

### ५.२. निष्कर्ष

समुदायद्धारा व्यवस्थापन गरिएका विद्यालयहरू सरकारी अनुदानबाट विमुख हुदैन। साथै यि विद्यालयहरुले थप आयस्रोतको पहिचान गर्ने, योजना तयार गरी दातृ निकायसँग सम्पर्क गर्ने आदि कार्य गरेको नहुदा यस सम्बन्धि पहल हुनु पर्ने देखिन्छ विद्यालयले शिक्षक तथा विद्यार्थीहरूलाई प्रत्यक्ष लाभ पुग्ने कार्यक्रमहरू बनाई लागू गरेको पनि छैन अत्तः अभिभावक वा सरोकारवालाहरू अन्य सामुदायिक विद्यालय (समुदायमा हस्तान्तरण नगरिएका) सरह अनविज्ञ र अज्ञानतामा रुमलिदै छन्। बरु शिक्षकहरूलाई नियन्त्रण गर्ने र वैठकमा व्यक्तिगत उद्देश्य पुर्ति गर्ने जस्ता अधिकारहरुको मात्र दावी गर्दछ।

### ५.३ सुझावहरु

सुझाव सुझ हुनेको लगिमात्र कामयावी हुन्छ। तर पनि अध्ययानबाट केही सुझाव दिन मनासिव भएकोले अध्यापन गरिएको तथा त्यस्तै व्यवस्थापन जिम्मा लिएको विद्यालयहरु र सरकारी निकायलाई अलग अगल सुझाव दिन चाहान्छु।

क) विद्यालयले अविलम्व स्थानीय आयस्रोतको पहिचान गरी आम्दानी बढाउने प्रयास थाल्नुपर्छ ।

ख) योजना बनाउने  र दातृनिकायसँग सम्वन्ध बढाउने र योजना विद्यालयको विविध विकासमा भित्रयाउने, आवश्यक परे ऋण लिने तथा आयमूलक कृयाकलाप वा व्यवसाय गर्ने जस्ता कार्यहरु विद्यालय आफैले गरी आफ्नो हातमा आएको  विकेन्द्रीकरणको उपज अधिकारलाई नियम संगत रुपमा भरपूर उपभोग गरी हाल्नु जरुरी देखिन्छ  ।

ग) प्रजातान्त्रिक रुपबाट जनसहभागिता बढाइ सबैको सहअस्तित्व हुनेगरी निर्णय र रकम बाडँफाडँ गर्नु पर्दछ ।

घ) पारदर्शितालाई सधै आत्मसाथ गर्ने  ।

ङ) शिक्षकहरुलाई उनीहरुको श्रमको सम्मान गर्न समान कामको समान मूल्य दिनु पर्दछ ।

च) बालबालिका कल्याण सम्वन्धी खर्च बढाइ आफ्नै हातको भरपूर उपयोग आफ्नै पक्षमा गर्ने प्रचलन ल्याउनु पर्दछ । यो नै स्वयतताको सार हो ।

छ) व्यवस्थापन हस्तान्तरण पूर्व सम्वन्धी विद्यालयको आर्थिक स्रोतको सम्भाव्यता अध्यापन गरी व्यवस्थापकिय सक्षमतालाई ध्यान दिनु पर्दछ ।

ज) अन्य सरकारी विद्यालय र समुदायद्वारा व्यवस्थापन गरिएको विद्यालयको बीच हालसम्म अन्तर देखिँदैन त्यसका लागि स्पष्ट कार्यरुप देखाउनु पर्दछ ।

झ) विद्यालयको SIP लाई आधारबनाई आर्थिक अनुदान दिने प्रचलन शुरु गरिनु पर्दछ ।

ञ) व्यवस्थापन हस्तान्तरण भएको विद्यालयको लागि भनि शिक्षा नियमावली भाग ५ (कं) देखिन्छ कित तुरुन्त पूर्ण उपयोग गनुपर्दछ कि त खोरज गरिनु पर्दछ ।

ट) शिक्षक तथा कर्मचारी चाहे दरवन्दी चाहे नीजिस्रोत सबैलाई समान कामको समान ज्याला दिने प्रावधान अविलम्ब लागू गरिनु पर्दछ ।

# सन्दर्भग्रन्थ


आचार्य, सुशन र खनाल, मुकुन्दमणी (२०६०), शिक्षाको वित्तिय अर्थशास्त्र, काठमाण्डौः मकालु बुक्स एण्ड स्टेशनरी, पुतलीसडक ।

उपाध्याय, अशोक भक्त (२०६५), शैक्षिक विकेन्द्रीकरणको आवश्यकता र समस्या शैक्षिक योजना तथा व्यवस्थापन समाज नेपाल, काठमाडौः Epman, किर्तिपुर ।

काफ्ले, बासुदेव र साथीहरू (२०६४), शिक्षाको वित्तिय शास्त्र, काठमाडौँः स्टुडेन्ट बुक, किर्तिपुर ।

काफ्ले, बासुदेव, विष्ट, मिनबहादुर र अन्य (२०६०), शैक्षिक योजना, काठमाडौः भुँडीपुराण प्रकाशन ।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रबहादुर (२०६३), शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यहवार, काठमाडौँः विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी ।

घिमिरे, कोमलनाथ (२०६२), सामुदायिक विद्यालयको वित्तिय व्यवस्थापनमा सामुदायिक सहभागिता, शोध पत्र, त्रि.वि., शिक्षाशास्त्र संकाय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, किर्तिपुर ।

थापा, एन.पी. (२०६०), शिक्षाशास्त्र र नेपालमा शिक्षा, काठमाडौः बौद्धिक संसार (मासिक)।

नेपालमा शिक्षा आयोगहरुका प्रतिवेदनको संग्रह, काठमाडौः आशिष पुस्तक भण्डार, बागबाजार ।

नेपाल, जनार्दन (२०६४), नेपालको शिक्षा प्रणाली चुनौती र सम्भावना, काठमाडौँः हाईडल प्रेस प्रा.लि., डिल्लीबजार ।

नेपाल, जनार्दन (२०६३), सबैको लागि शिक्षा कार्यक्रम कार्यान्वयन पुस्तिका ।

नेपाल, जनार्दन (२०६३), सबैको लागि शिक्षा २००४-०९ मुख्य दस्तावेज ।

शर्मा, गोपिनाथ (२०६३), नेपालको शैक्षिक इतिहास, काठमाण्डौँः लुम्बिनी पुस्तक भण्डार ।

शिक्षा तथा खेलकुद मन्त्रालय (२००३), सबैका लागि शिक्षा, राष्ट्रिय कार्ययोजना नेपाल (२००१-२०१५)शिक्षा तथा खेलकुद मन्त्रालय युनेस्कोका निमित्त नेपाल राष्ट्रिय कार्ययोजना।

शिक्षा तथा खेलकुद मन्त्रालय (२०६३), एक झलक, काठमाण्डौः शिक्षा तथा खेलकुद मन्त्रालय ।

शिक्षा ऐन २०२८ (सातौं संशोधन २०५८), काठमाण्डौः बौद्धिक दर्पण प्रकाशन, पुतलीसडक ।

शिक्षा ऐन २०२८ (आठौं संशोधन २०६१) काठमाण्डौः बौद्धिक दर्पण प्रकाशन, पुतलीसडक

शिक्षा नियमावली २०५९ (विभिन्न संसोधनहरु) काठमाण्डौ, बौद्धिक दर्पण प्रकाशन, पुतलीसडक ।

शिक्षा विभाग (२०६६), अध्ययन गरिएका प्रतिवेदन २०६४।०६५ ।

शैक्षिक झलक, (२०६६), जि.शि.का. उदयपुर ।

समुदायद्वारा व्यवस्थापन हुने विद्यालय कार्यसञ्चालन निर्देशिका २०५९ पहिलो संसोधन, २०६३ ।

# समुदायद्वारा व्यवस्थित विद्यालयहरुको आर्थिक व्यवस्थापन

## अनुसूची-१

## प्र.अ.तथा शिक्षकको लागि प्रश्नावली

कृपया तपाई रहेको विद्यालयमा भए गरेको आधारमा यो फारम भरेर सहयोग पुऱ्याईदिनु हुन अनुरोध छ ।

नाम....                    हस्ताक्षर...............

पद...........               मिति..................

विद्यालय..............................................................

१) समुदायमा हस्तान्तरण भए पछि सरकारी अनुदान मा के भएको पाउनु भयो।

क)बढेको छ    ख) घटेको छ    ग)उस्तै छ

२)के समुदायले भवन निर्माण फर्निचर  आदि यस्तै कुनै कम्तीमा एक क्षेत्रमा हरेक वर्ष बेहोर्ने गरेको छ ?

(क) छ    (ख)छैन    ग)छ भने केमा?

(३) तपाइको विद्यालय सेवा क्षेत्रमा प्रमुख प्राकृतिक स्रोत के हो?

(क) जँगल    ख)नदी र नदी जन्य पदार्थ    ग) खानी    (घ) जमीन

४) प्रश्न नं ३ को स्रोतहरुबाट उपयोग गरेवापत स्थानिय कर विद्यालयलाइ आउछ?

(क) छ    ख) छैन

५)कुनै गैर सरकारी वा दातृ निकाय सँग विद्यालयले नै
सम्झौता गरी लगानी भित्रयाउनु भएको छ?

(क) छ    ख)छैन    ग)छ भने ............

६. विद्यार्थी शुल्क व्यवस्था कस्तो छ?

(क)१-५ निशुल्क    (ख) सबै निशुल्क    (ग) सबै सशुल्क    (घ)६-१० सशुल्क

७)विद्यालयको sip अनुसार सरकारी अनुदान पाउनु भएको छ?

(क) छ  (ख) छैन

८) शिक्षक कर्मचारीहरुलाइ तलव व्यवस्था कस्तो छ?

(क)दरवन्दीमा रहेकालाई सरकारी स्केल बमोजिम निजि स्रोतलाइ कम

(ख)सवैलाइ स्केल भन्दा बढी   (ग)सबैलाइ स्केल बराबर   (घ)सबैलाइ स्केल भन्दा कम

(९)छात्रवृती वितरणमा विद्यालयको दायित्व कस्तो छ?

(क)सरकारी अनुदान मात्र वितरण गरिन्छ

(ख)सरकारी अनुदानमा विद्यालयको समेत थपिन्छ

(ग)सरकारी अनुदानबाट विद्यालयको बाचइ थोरै वितरण गरिन्छ

१०)पाठ्यपुस्तक वितरणमा विद्यालयको दायित्व कस्तो छ?

(क)सरकारी अनुदान मात्र   (ख)विद्यालयले समेत थपी

११)विद्यलयमा आय व्यय सन्तुलन  नभएको अवस्थामा

(क) वचत भए प्र.अ.को जिम्मा  घाटा भए शिक्षकको तलव

(ख) वचत वा घाटा होस प्र.अ.जिम्वार

(ग) वचत भए खातामा घाटा भए संस्था तथा व्यक्तिसँग सम्झौता गरी सापटी

१२) समुदायद्धारा व्यावस्थपन गरिएको नगरिएको विद्यलयमा के भिन्नता पउनुभएको छ?

(क) फरक छैन

(ख) हस्तान्तरीत विद्यलयमा आयस्रोत  बढी र शिक्षक एवं विद्यार्थी बढी लावान्वीत हुन्छ र परदर्शिता बढी हुन्छ   (ग) थाहा भएन

१३) समुदयद्धारा व्यावस्थापन लिएपछि आर्थिक व्यावस्थापनको प्रमुख समस्या के छ?

(क) आर्थिक  स्रात निस्चित नहुनु

(ख) नगत व्यक्तिको जिम्मा रहनु

(ग) खर्च भइसपछि मात्र आम्दानी र खर्चको क्षत्र तोक्न

१४) तपाइको विचारमा समस्याहरू समाधानको ुउपाय के हुन सक्छ?

क) विद्यालय सञ्चालनमा कडा नियमको प्रयोग

ख) क्षमता विकास तालिम र चेतना विकास

ग) स्रोत पहिचान गरी व्यवस्थापकिय गुणस्तर मूल्याङ्कन गरिसकेपछि मात्र हस्तान्तरण

घ) माथिको सवै

## समुदायद्वारा व्यवस्थित विद्यालयहरुको आर्थिक व्यवस्थापन

## अनुसूची-२

## वि.व्य.स.र पि.टि.ए.अ.को लागि अन्तरवार्ता सूची

कृपया तपाई रहेको विद्यालयमा भए गरेको आधारमा यो फारम भर्न सहि जवाफ दिई सहयोग पुऱ्याईदिनु हुन अनुरोध छ ।

नाम....                    हस्ताक्षर...............

पद...........                    मिति..................

विद्यालय..............................................................

१) समुदायमा हस्तान्तरण भए पछि सरकारी अनुदान मा के भएको पाउनु भयो।

क)बढेको छ (-ख) घटेको छ -( ग)उस्तै छ

२)के समुदायले भवन निर्माण फर्निचर  आदि यस्तै कुनै कम्तीमा एक क्षेत्रमा हरेक वर्ष बेहोर्ने गरेको छ ?

(क) छ          (ख)छैन                    (-ग)छ भने केमा?

(३) तपाइको विद्यालय सेवा क्षेत्रमा प्रमुख प्राकृतिक स्रोत के हो?

(क) जँगल          -ख)नदी र नदी जन्य पदार्थ          (ग) खानी     (घ) जमीन

४) प्रश्न नं ३ को स्रोतहरुबाट उपयोग गरेवापत स्थानिय कर विद्यालयलाइ आउछ?

(क) छ          ख) छैन

५)कुनै गैर सरकारी वा दातृी निकाय सँग विद्यालयले नै

सम्भौता गरी लगानी भित्रयाउनु भएको छ?

(क) छ          ख)छैन                    ग)छ भने कुन?

विद्यार्थी शुल्क व्यवस्था कस्तो छ?

(क)१-५ निशुल्क (ख) सबै निशुल्क (ग) सबै सशुल्क (घ)६-१० सशुल्क

७)विद्यालयको sip अनुसार सरकारी अनुदान पाउनु भएको छ?

(क) छ ख) छैन

८) शिक्षक कर्मचारीहरुलाइ तलव व्यवस्था कस्तो छ?

(क)दरवन्दीमा रहेकालाइ सरकारी स्केल बमोजिम निजि स्रोतलाइ कम

(ख)सवैलाइ स्केल भन्दा बढी

(ग)सबैलाइ स्केल बराबर

(घ)सबैलाइ स्केल भन्दा कम

(९)छात्रवृती वितरणमा विद्यालयको दायित्व कस्तो छ?

(क)सरकारी अनुदान मात्र वितरण गरिन्छ

(ख)सरकारी अनुदानमा विद्यालयको समेत थपिन्छ

(ग)सरकारी अनुदानबाट विद्यालयको बाचइ थोरै वितरण गरिन्छ

१०)पाठ्यपुस्तक वितरणमा विद्यालयको दायित्व कस्तो छ?

(क)सरकारी अनुदान मात्र

(ख)विद्यालयले समेत थपी

११)विद्यलयमा आय व्यय सन्तुलन नभएको अवस्थामा

(क) वचत भए प्र.अ.को जिम्मा घाटा भए शिक्षकको तलव

(ख) वचत वा घाटा होस प्र.अ.जिम्वार

(ग) वचत भए खातामा घाटा भए संस्था तथा व्यक्तिसँग सम्झौता गरी सापटी

१२) समुदायद्धारा व्यावस्थपन गरिएको नगरिएको विद्यलयमा के भिन्नता पउनुभएको छ?

(क) फरक छैन

(ख) हस्तान्तरीत विद्यलयमा आयस्रोत  बढी र शिक्षक एवं विद्यार्थी बढी लावान्वीत हुन्छ र परदर्शिता बढी हुन्छ      (ग) थाहा भएन

१३) समुदयद्धारा व्यावस्थापन लिएपछि आर्थिक व्यावस्थापनको प्रमुख समस्या के छ?

(क) आर्थिक  स्रात निस्चित नहुनु

(ख) नगत व्यत्तिको जिम्मा रहनु

(ग) खर्च भइसपछि मात्र आम्दानी र खर्चको क्षत्र तोक्न

१४) तपाइको विचारमा समस्याहरू समाधानको उपाय के हुन सक्छ?

(क) विद्यलय संचालनमा नियमको प्रयोग

(क) विद्यलय संचालनमा नियमको प्रयोग

(ख) चेतना र क्षमता विकास तालिम (ग) स्रोत पिहिचन भइ व्यावस्थापकिय गुणस्तर मूल्याङ्कन भएपछि मात्र समुदायमा हस्तान्तरण गर्नुपर्छ   (घ) माथिका सबै

# समुदायद्वारा व्यवस्थित विद्यालयहरुको आर्थिक व्यवस्थापन

## अनुसुचि–३

विद्यालयको नाम :–

ठेगानाः–

समुदायमा हस्तान्तरण मिति :–

क) **विद्यालयहरूको स्रोत संकलन विवरण**

| क्र.स. | आयस्रोत विवरण | आ.व.२०६४/६५ | आ.व.२०६५/६६ | आ.व.२०६६/६७ | कैफियत |
|---|---|---|---|---|---|
| १ | सरकारी अनुदान<br>i)<br>ii)<br>iii) | | | | |
| २ | स्थानिय निकाय<br>i)<br>ii) | | | | |
| ३ | समुदाय | | | | |
| ४ | गै.स.स | | | | |
| ५ | विद्यलायको आफ्नो स्रोत<br>i.<br>ii. | | | | |

**ख) उपयोग विवरण**

| क्र.स. | खर्च विवरण | आ.व.२०६४/६५ | आ.व.२०६५/६६ | आ.व.२०६६/६७ | कैफियत |
|---|---|---|---|---|---|
| १ | तलव | | | | |
| २ | भौतिक सुविधा विकास<br>i)<br>ii) | | | | |
| ३ | शैक्षिक सुविधा वृद्धि | | | | |
| ४ | छात्रवृत्ति | | | | |
| ५ | अतिरिक्त क्रियाकलाप<br>i.<br>ii. | | | | |
| ६ | अन्य खर्च | | | | |
| ७ | पूँजी विकास | | | | |
| ८ | बचत/घाटा | | | | |

**विद्यालयको छाप**

**प्र.अ.को नाम** **हस्ताक्षर** **मिति**

## समुदायद्वारा व्यवस्थित विद्यालयहरुको आर्थिक व्यवस्थापन

## प्रश्नावलीवाट प्राप्त प्रतित्रिया विश्लेषण

**प्रश्न नं.–१**

| उत्तर दाता | क | ख | ग |
|---|---|---|---|
| प्र.अ. | १ | – | २ |
| शिक्षक | २ | – | ४ |
| विद्यार्थी | – | – | ६ |
| PTAअ | – | – | ३ |
| जम्मा | ३ | | १५ |

२.

| क | ख |
|---|---|
| ० | १८ |

३.

| क | ख |
|---|---|
| ० | १८ |

४.

| क | ख |
|---|---|
| २ | १ ६ |

५.

| क | ख |
|---|---|
| ० | १८ |

६.

| क | ख | ग |
|---|---|---|
| १८ | ० | ० |

७.

| क | ख |
|---|---|
| ० | १८ |

८.

| क | ख | ग |
|---|---|---|
| १८ | ० | ० |

९.

| उत्तर दाता | क | ख | ग |
|---|---|---|---|
| प्र अ | - | – | ३ |
| शिाहार | ३ | – | ३ |
| विव्यस | ६ | – | – |
| PTAअ | ३ | – | – |
| जम्मा | १२ | – | ६ |

१०.

| क | ख |
|---|---|
| १८ | ० |

११.

| उत्तर दाता | क | ख | ग |
|---|---|---|---|
| रं | | | |

| | | | |
|---|---|---|---|
| प्र अ | – | १ | २ |
| शिहार | ४ | २ | – |
| विव्यस | २ | ३ | १ |
| PTAअ | १ | २ | – |
| जम्मा | ७ | ८ | ३ |

१२.

| उत्तर दाता | क | ख | ग |
|---|---|---|---|
| प्र अ | ३ | | |
| शिहार | ६ | | |
| विव्यस | ३ | – | ३ |
| PTAअ | १ | – | २ |
| जम्मा | १३ | – | ५ |

१३.

| उत्तर दाता | क | ख | ग | घ |
|---|---|---|---|---|
| प्र अ | ३ | – | – | – |
| शिहार | १ | – | ४ | १ |
| विव्यस | १ | २ | १ | २ |
| PTAअ | | | १ | २ |
| जम्मा | ५ | २ | ६ | ५ |

१४.

| क | ख | ग | घ |
|---|---|---|---|
| – | – | – | १८ |